ENSSURE
Enhanced Skills for Sustainable and Rewarding Employment

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर)

दोस्रो चरण



वार्षिक प्रगति प्रतिवेदन
आ.व. २०८२/०८३

प्राविधिक सहयोग

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

HELVETAS
NEPAL
Partnerships for People. Progress for Nepal.

कृतज्ञता

नेपाल सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (Technical and Vocational Education and Training) प्रणालीलाई आर्थिक समृद्धि हासिल गर्ने महत्वपूर्ण माध्यमका रुपमा स्वीकार गरेको छ। नेपाल सरकारका पञ्चवर्षीय योजनाहरुका साथै लुम्बिनी प्रदेशको प्रथम र दोस्रो आवधिक योजनामा समेत प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरु प्राथमिकतामा रहेका छन्।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा कार्य गर्नका लागि नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बिच सन् २०२१ सेप्टेम्बर १० मा दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (Enhanced Skills for Sustainable and Rewarding Employment-ENSSURE) दोस्रो चरण सञ्चालनका लागि सम्झौता भई कार्यान्वयनमा रहेको यो परियोजनाको समयावधि सन् २०२७ जुलाई १५ सम्म रहेको छ । संघीय तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT), प्रदेश तहमा शिक्षा हेर्ने मन्त्रालय र ३३ वटा स्थानीय तहहरु मार्फत सञ्चालित ENSSURE परियोजना लुम्बिनी प्रदेशमा सामाजिक विकास मन्त्रालय र ११ वटा स्थानीय तहहरुमा सञ्चालनमा रहेको छ।

परियोजना कार्यान्वयनका लागि प्रदेश तहमा सामाजिक विकास मन्त्रीज्यूको अध्यक्षतामा रहनेगरी Project Steering Committee (PSC), सामाजिक विकास मन्त्रालयका सचिबज्युको अध्यक्षतामा रहने गरी Project Implementation Committee (PIC) र सामाजिक विकास मन्त्रालय अन्तर्गत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम हेर्ने महाशाखा प्रमुखको संयोजकत्वमा हुने Project Coordination and Implementation Unit (PCIU-P) रहेको छ । परियोजना कार्यान्वयनका विभिन्न चरणमा महत्वपूर्ण सल्लाह, सुझाब प्रदान र प्रत्यक्ष रुपमा योगदान दिनुहुने Project Steering Committee (PSC) का अध्यक्ष तथा माननीय सामाजिक विकास मन्त्रीज्यू, सह-अध्यक्ष Head of Cooperation, Swiss Agency for Development and Cooperation (SDC) लगायत सम्पूर्ण सदस्यहरु, PIC का अध्यक्ष तथा सामाजिक विकास मन्त्रालयका सचिवज्यू लगायत सम्पूर्ण सदस्यहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

यसैगरी सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेशका विज्ञान प्रविधि, प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखाका महाशाखा प्रमुख उपसचिव हरिकला सारु मगरज्यू, प्राविधिक सहायक किसोर रिजालज्यू लगायत सम्पूर्ण कर्मचारीहरु, परियोजना सँचालन हुने ११ वटै स्थानीय तहहरुका नगरप्रमुख/अध्यक्षज्यू, उप-प्रमुख/उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, शिक्षा महाशाखा/शाखा प्रमुखज्यू, शिक्षा अधिकृतज्यू, लेखा अधिकृतज्यू, रोजगार संयोजक तथा प्राविधिक सहायकज्यू, परियोजना कार्यान्वयनको क्रममा निजी क्षेत्रको तर्फबाट नेतृत्वदायी भूमिका खेल्नुहुने रुपन्देही उद्योग संघका अध्यक्षज्यू, प्रमुख कार्यकारी अधिकृतज्यू लगायत सम्पूर्ण टिम, विभिन्न उद्योगी/व्यवसायीहरु, विभिन्न शिक्षालय/विद्यालयका सम्पूर्ण टिम र इन्स्योर परियोजना सहयोग इकाइ भक्तपुर र लुम्बिनीका सम्पूर्ण टिमप्रति आभारी छौं ।

मुख्य उपलब्धीहरुः

दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजनाको दोस्रो चरण अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ सम्म लुम्बिनी प्रदेशमा सञ्चालन गरिएका कार्यक्रमहरूले प्राविधिक तथा व्यावसायिक शिक्षा (TVET) प्रणालीलाई सुदृढ बनाउन, युवाहरूको सीप तथा रोजगारी प्रवर्द्धन गर्न, उद्योग-शिक्षालय सहकार्यलाई संस्थागत गर्न तथा प्रदेश र स्थानीय सरकारको क्षमता विकासमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ। परियोजना मार्फत हालसम्म १,५४९ जना युवाहरू औद्योगिक प्रशिक्षार्थी तालिममा र १,५४७ जना कार्यगत अभ्याससहितको पेसागत तालिममा भर्ना भएका छन्। तालिम सम्पन्न गर्ने, सीप परीक्षणमा उत्तीर्ण हुने तथा रोजगारीमा आबद्ध हुने दरमा क्रमिक सुधार देखिएको छ भने तालिम बीचमै छोड्ने (ड्रपआउट) दर पनि वर्षेनी घट्दै गएको छ। ट्रेसर अध्ययनले तालिमले युवाहरूको रोजगारी, आयआर्जन तथा पेशागत दक्षतामा सकारात्मक प्रभाव पारेको पुष्टि गरेको छ।

उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न ४१९ उद्योगका १,४२५ जना कामदारलाई २१ वटा विषयमा सीप स्तरोन्नति तालिम प्रदान गरिएको छ, जसले कामदारहरूको कार्यसम्पादन तथा औसत मासिक आम्दानीमा उल्लेखनीय सुधार ल्याएको छ। वैदेशिक रोजगारीबाट फर्किएका १४७ जना युवालाई उद्यमशीलता विकास तालिममार्फत स्वरोजगारतर्फ प्रेरित गरिएको छ।

परियोजनाले वृत्ति मार्गनिर्देशन सेवालाई संस्थागत गर्दै शिक्षा तालिम केन्द्र भैरहवामा स्थापित वृत्ति मार्गनिर्देशन सेवा केन्द्र तथा स्थानीय तहमा स्थापना भएका सेवा इकाइमार्फत हालसम्म ८,५४९ जना युवा तथा अभिभावकलाई प्रत्यक्ष परामर्श सेवा र ९,५६१ जनालाई डिजिटल साइकोमेट्रिक परीक्षण सेवा प्रदान गरेको छ। यसैगरी विद्यालयमा सञ्चालन गरिएका वृत्ति मार्गनिर्देशन कार्यक्रम तथा School-to-Work Transition कार्यक्रममार्फत २७,२८७ भन्दा बढी विद्यार्थी लाभान्वित भएका छन्, जसले उनीहरूलाई आफ्नो रुचि, क्षमता र श्रम बजारको मागअनुसार उपयुक्त वृत्ति छनोट गर्न सहयोग पुगेको छ।

परियोजनाको अर्को महत्वपूर्ण उपलब्धि प्रदेश तथा स्थानीय सरकारमा TVET र वृत्ति मार्गनिर्देशन कार्यक्रमलाई संस्थागत गर्नु हो। हालसम्म प्रदेश तथा स्थानीय सरकारले यी कार्यक्रमका लागि रु. ३ करोड १२ लाखभन्दा बढी बजेट विनियोजन गरेका छन्। निजी क्षेत्रसँगको सहकार्य पनि उल्लेखनीय रूपमा सुदृढ भएको छ। रुपन्देही उद्योग संघसँगको साझेदारीमा श्रम बजारको सीप आवश्यकता पहिचान, उद्योग नक्साङ्कन, रोजगार पोर्टल सञ्चालन तथा उद्योग-शिक्षालय सहकार्यलाई संस्थागत गरिएको छ। हालसम्म २९१ उद्योग अप्रेन्टिसशिप कार्यक्रममा आबद्ध भएका छन् र उद्योगहरूले कार्यक्रम सञ्चालनमा उल्लेखनीय आर्थिक योगदान गरेका छन्। नियमित अनुगमन, ट्रेसर अध्ययन, आवेदक तथा ड्रपआउट सर्वेक्षण, पूर्व प्रशिक्षार्थी सञ्जाल गठन, नीतिगत सुधार तथा नवीन अभ्यासहरूको कार्यान्वयनले परियोजनाका उपलब्धिलाई अझ प्रभावकारी, प्रमाणमा आधारित तथा दिगो बनाउन महत्वपूर्ण योगदान पुर्याएको छ।

विषयसूची

१. परियोजनाको पृष्ठभूमीः १

१.१ परियोजनाको लक्ष्यः १

१.२ परियोजनाको उद्देश्यहरुः १

१.३ परियोजना कार्यान्वयन गर्ने निकायहरुः १

२. परियोजनाको उपलब्धि विवरण २

२.१ दिगो तथा सम्मानित रोजगारीको लागि युवाहरुलाई सहयोग २

२.२ श्रम बजारको आवश्यकता सम्बोधन गर्ने प्रादेशिक र स्थानीय सरकारको सवलिकरण १७

२.३ उद्योगहरुलाई आवश्यक दक्ष जनशक्तिको आपूर्ति २०

३. परियोजनाद्वारा सञ्चालित कार्यक्रमको अनुगमन २४

४. परियोजना सम्बन्धी विभिन्न समितिहरूको बैठक २४

५. **Swiss Agency for Development and Cooperation (SDC)** को सहयोगमा सञ्चालित अन्य परियोजनासंग समन्वय तथा सहकार्य २५

६. अन्तर सरकार समन्वय तथा सहकार्य (**Inter Government Collaboration**): २५

७. निजी क्षेत्र (पेशागत संघ, महासंघ, उद्योगी तथा रोजगारदाताहरु) संग सहकार्यः २६

८. परियोजना सञ्चालन पश्चात देखिएका सकारात्मक पक्षहरूः २६

९. कार्यक्रम कार्यान्वयनका क्रममा भएको सिकाइहरुः २६

१०. समस्या तथा चुनौतीहरु २७

११. असल अभ्यासहरु २७

१२. नवीनतम् पहलहरु २८

१३. दिगोपनाका आधारहरु २९

१४. निष्कर्ष ३०

१५. अनुसूचीहरु ३१



List of abbreviations

CGSC	: Career Guidance Service Center
CTEVT	: Council for Technical Education and Vocational Training
ENSSURE	: Enhanced Skills for Sustainable and Rewarding Employment
HR	: Human Resource
LGBTIQ	: Lesbian, Gay, Bisexual, Transgender, Intersex, Queer/Questioning
LGs	: Local Governments
MoSD	: Ministry of Social Development
MRC	: Migrant Resource Center
NVQS	: National Vocational Qualifications System
OJT	: On the Job Training
OSH	: Occupational Safety and Health
PCIU-F	: Project Coordination and Implementation Unit-Federal
PCIU-P	: Project Coordination and Implementation Unit-Province
PIC	: Project Implementation Committee
PLC	: Programmable Logic Controller
PSC	: Project Steering Committee
QualiTY	: Quality Technical and Vocational Education and Training for Youth
RCI	: Rupandehi Chamber of Industries
SaMi	: Safer Migration
SDC	: Swiss Agency for Development and Cooperation
SDU	: Skill Development Unit
SEE	: Secondary Education Examination
SUT	: Skill Upgrading Training
SWT	: School to Work Transition
TPs	: Training Providers
TVET	: Technical and Vocational Education and Training
VFD	: Variable Frequency Drive

१. परियोजनाको पृष्ठभूमीः

दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSSURE II) दोस्रो चरण, नेपाल सरकार र स्विस सरकारको द्विपक्षीय साझेदारीमा सञ्चालित परियोजना हो। यो संघीय स्तरमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय, र स्थानीय तहमा सम्बन्धित स्थानीय तहहरुद्वारा हेल्भेटास नेपालको प्राविधिक सहयोगमा सञ्चालित छ। सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेश तथा सम्बन्धित ११ वटा स्थानीय तहहरु र रुपन्देही उद्योग संघ मार्फत आ.व. २०८२-०८३ सम्ममा यस परियोजना अन्तर्गत सञ्चालित गतिविधिबाट भएका उपलब्धिहरू समेटी परियोजनाको वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ।

१.१ परियोजनाको लक्ष्यः

संघीय संरचना अनुरूपको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रणालीबाट नेपाली युवा, महिला तथा पुरुषहरुले सामाजिक तथा आर्थिक लाभ प्राप्त गर्न सहयोग पुर्याउनु।

१.२ परियोजनाको उद्देश्यहरुः

- नेपाली युवा, महिला तथा पुरुषहरुले उपलब्धिमूलक अपेक्षित रोजगारी (gainful employment) प्राप्त गर्नु।
- संघीय, प्रादेशिक र स्थानीय सरकारी निकायहरुले श्रम बजारको आवश्यकतालाई सम्बोधन गर्न सक्नु।
- निजी कम्पनी तथा उद्योग व्यवसायहरुले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम क्षेत्रमा सक्रिय संलग्न भई आवश्यक दक्ष जनशक्तिको परिपुर्ति गर्न सक्ने क्षमताको विकास गर्नु।

१.३ परियोजना कार्यान्वयन गर्ने निकायहरुः

क) प्रदेश तह

१. सामाजिक विकास मन्त्रालय

ख) स्थानीय तह

१. बुटवल उप-महानगरपालिका, रुपन्देही
२. तिलोत्तमा नगरपालिका, रुपन्देही
३. ओमसतिया गाउँपालिका, रुपन्देही
४. मायादेवी गाउँपालिका, रुपन्देही
५. शिवराज नगरपालिका, कपिलवस्तु
६. बर्दघाट नगरपालिका, नवलपरासी
७. तानसेन नगरपालिका, पाल्पा
८. घोराही उपमहानगरपालिका, दाङ्ग
९. थवाङ गाउँपालिका, रोल्पा
१०. ठाकुरबाबा नगरपालिका, बर्दिया
११. कोहलपुर नगरपालिका, बाँके

ग) निजी क्षेत्र साझेदार

१. रुपन्देही उद्योग संघ, बुटवल


२. परियोजनाको उपलब्धि विवरण

२.१ दिगो तथा सम्मानित रोजगारीको लागि युवाहरुलाई सहयोग


क) औद्योगिक प्रशिक्षार्थी तालिम तथा रोजगारीमा पदस्थापनः

क्र. स.	क्रियाकलाप	इकाई	लक्ष्य	भर्ना संख्या	तालिम सम्पन्न/ प्रशिक्षणरत संख्या	कैफियत
१	आ.व. २०७९/०८० मा भर्ना भइ तालिम सम्पन्न गरेका प्रशिक्षार्थी	प्रशिक्षार्थी	४२०	४१३	२३६	तालिम सम्पन्न
२	आ.व. २०८०/०८१ मा भर्ना भइ तालिम सम्पन्न गरेका प्रशिक्षार्थी	प्रशिक्षार्थी	४६०	४४३	२९०	तालिम सम्पन्न
	जम्मा संख्या		**८८०**	**८५६**	**५२६**	
३	आ.व. २०८१/०८२ मा भर्ना भइ प्रशिक्षणरत प्रशिक्षार्थी	प्रशिक्षार्थी	४६०	४६०	३४४	तालिम संचालनमा रहेको
४	आ.व. २०८२/०८३ मा भर्ना भइ प्रशिक्षणरत प्रशिक्षार्थी ***(परियोजनाको सहयोगबाट)***	प्रशिक्षार्थी	२००	१९९	१९६	तालिम संचालनमा रहेको
५	आ.व. २०८२/०८३ मा भर्ना भइ प्रशिक्षणरत प्रशिक्षार्थी ***(सामाजिक विकास मन्त्रालयको आन्तरिक स्रोतबाट)***	प्रशिक्षार्थी	४०	३४	२६	तालिम संचालनमा रहेको
	जम्मा संख्या		**७००**	**६९३**	**५६६**	

परियोजनाको सहयोगमा हालसम्म १५४९ जना (६७३ महिला, ८७६ पुरुष) युवाहरु विभिन्न शिक्षालयहरुद्वारा ७ वटा पेशागत क्षेत्रमा सञ्चालित २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रममा भर्ना भएका छन्। त्यस मध्ये आ.व. २०७९/८० र २०८०/८१ व्याचको तालिमहरु सम्पन्न भइ जम्मा ५२६ जना जना युवाहरुले तालिम पुरा गरिसकेका छन्। लैंगिक दृष्टिकोणबाट हेर्दा समग्रमा महिलाको सहभागिता कम देखिए तापनि वार्षिक भर्ना दरमा क्रमशः वृद्धि भइरहेको देखिन्छ।



आ.व. २०७९/०८० व्याचका तालिम पुरा गरेका २२४ जना प्रशिक्षार्थीहरु अन्तिम परीक्षामा सहभागी भएका थिए जसमध्ये ८६ जना (३८%) पास भएका छन्, जसमा ५३% महिला रहेका छन्। यसैगरी आ.व. २०८०/०८१ व्याचका तालिम पुरा गरेका २७९ जना प्रशिक्षार्थीहरु अन्तिम परीक्षामा सहभागी भएका थिए जसमध्ये १८० जना (६५%) पास भएका छन्, जसमा ४३% महिला रहेका छन्। यसरी शिक्षार्थीहरुको पास दरमा पनि वृद्धि हुँदै गैरहेको देखिन्छ।



औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रममा भर्ना भएका जम्मा सहभागी मध्ये हालसम्मको तथ्याङ्क अनुसार बिचैमा तालिम छोड्ने सहभागीहरुको औसत २९ प्रतिशत देखिन्छ तथापि वार्षिकरूपमा यसको दर क्रमशः घट्दै गइरहेको छ।

आ.व. २०८१/०८२ र २०८२/०८३ मा भर्ना भएका सहभागीहरुको तालिम सम्पन्न हुन केहि महिना बाँकी रहेको छ। आ.व. २०८१/०८२ व्याचको बिचैमा तालिम छोडेका सहभागीहरुको सन् २०२६ फेब्रुअरीमा परियोजनाले गरेको सर्भेक्षणले तालिमको लागि उद्योगमा जानु भन्दा पहिले शिक्षालयमा छँदै सहभागीहरुको छोड्ने दर बढी रहेको पाइए अनुसार हाल यी दुवै आ.व.मा सुरु भएका तालिमका सहभागीहरु तालिम केन्द्रको सिकाई पूरा गरी कार्यस्थलमा आधारित सिकाइमा प्रवेश गरि सकेको हुँदा यसपछि बिचैमा छोड्ने दर पनि कम नै हुने अनुमान गर्न सकिन्छ।

आ.व. २०८१/०८२ मा औद्योगिक प्रशिक्षार्थी तालिममा सहभागी भई बिचैमा तालिम छोडेका प्रशिक्षार्थीहरूको तालिम छोड्नुको कारण पहिचान गरि भविष्यमा ड्रपआउट न्युनिकरण गर्नका लागि आवश्यक सुधारका रणनीतिहरु तयार गर्ने उद्देश्यले सर्भेक्षण गरिएको थियो। यस सर्भेक्षणमा बिचैमा तालिम छोडेका १०२ जना मध्ये ५३ जना (५२%) सँग फोन सम्पर्क गरि कुराकानी गरिएको थियो जसबाट प्राप्त नतिजा निम्न अनुसार रहेको छ।

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

अप्रेन्टिस ड्रपआउट विश्लेषण प्रतिवेदन

आर्थिक वर्ष: २०८१/०८२ प्रदेश: लुम्बिनी

कुल ड्रपआउट


७३% ▼ पुरुष


२७% ▼ महिला

पेशा अनुसार ड्रपआउट


२७% ▼ अटोमोबाइल इन्जिनियरिङ


२५% ▼ मेकानिकल इन्जिनियरिङ


२०% ▼ सूचना प्रविधि


११% ▼ पूर्व बालविकास (ECD) सहजकर्ता


७% ▼ होटल व्यवस्थापन


६% ▼ सिभिल इन्जिनियरिङ


५% ▼ इलेक्ट्रिकल इन्जिनियरिङ

प्रशिक्षण अवधि र ड्रपआउट


५५% ▼ शिक्षालयमा तालिम संचालन भएको समय (पहिलो तीन महिना)


४५% ▼ कार्यगत सिकाइको समयमा

तालिममा निरन्तरता दिन आवश्यक सहयोग


२१% स्वास्थ्य सम्बन्धी सहुलियत


४०% आवास सुविधा/नजिकैको उद्योगमा पदस्थापन


१४% उपयुक्त उद्योग व्यवस्था


१४% सूचना/नियम सम्बन्धी स्पष्टता


११% शिक्षक/विद्यालयको अनुगमन र परामर्श

शिक्षालयका लागि अप्रेन्टिसबाट प्राप्त सुझावहरू


२६% उद्योगसँग समन्वय / उपयुक्त उद्योगमा पदस्थापन


१९% अन्य विषय अध्ययनको लागि समय व्यवस्थापन गरिदिने


१९% निरन्तर अनुगमन / फलोअप


१६% भौतिक / लजिस्टिक सुविधा


२०% विद्यार्थी र अभिभावक दुवैलाई परामर्श

बिचैमा तालिम छोड्नुको मुख्य कारणहरू


२३% उच्च शिक्षा


३२% रोजगारीको अवसर


२१% उद्योग/शिक्षालय सम्बन्धी कारण


११% स्वास्थ्य समस्या


१३% पारिवारिक कारण

उद्योग क्षेत्रका लागि अप्रेन्टिसहरूबाट प्राप्त सुझावहरू


३३% आर्थिक प्रोत्साहन र लजिस्टिक सुविधा


१९% तालिमको गुणस्तर सुधार


७% वास्तविक समस्या बुझेर सहयोग गर्ने


नोट: आ.व. २०८१/०८२ मा विभिन्न विषयमा ड्रपआउट भएका जम्मा अप्रेंटिसहरुको संख्यालाई सतप्रतिशत मानि तथ्यांक विश्लेषण गरिएको

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका(देउखुरी), नेपाल

CTEVT 1989

ENSURE
Enhanced Skills for Sustainable and Rewarding Employment

HELVETAS NEPAL
Partnerships for People. Progress for Nepal.



औद्योगिक प्रशिक्षार्थी तालिम सम्पन्न गरेका सहभागीहरुको रोजगारीको दर सन्तोषजनक देखिन्छ। परियोजनाले सन् २०२६ जुलाईमा तालिम सम्पन्न गरेका १२४ जना युवाहरुसँग गरिएको ट्रेसर अध्ययनले तालिम सम्पन्न गरेकामध्ये ६६ प्रतिशत सहभागीहरु रोजगार (रोजगार ६० प्रतिशत र स्व-रोजगार ६ प्रतिशत) मा रहेको देखाएको छ। तालिमका सहभागीहरुको रोजगारीको दर उल्लेखनिय देखिए तापनि परियोजनाले गरेको लक्ष्य (८० प्रतिशत) मा पुग्न थप पहल गर्नु पर्ने देखिन्छ।

औद्योगिक प्रशिक्षार्थी तालिमले युवाहरुको आम्दानी वृद्धि गर्न सहयोग गरेको छ। २०२६ जुलाईमा गरेको ट्रेसर अध्ययनले रोजगारमा रहेका युवाहरुको औसत आम्दानी रु. २६४२९ रहेको देखाएको छ भने नेपाल सरकारको न्यूनतम ज्याला (रु.१९५५०) भन्दा बढी कमाउनेको संख्या ६८ प्रतिशत रहेको छ।




यस बाहेक औद्योगिक प्रशिक्षार्थी तालिममा सहभागी युवाहरुले कार्यस्थलमा आधारित तालिम लिने क्रममा व्यवसाय/उद्योगहरुबाट मासिकरुपमा नेपाल सरकारको न्यूनतम ज्यालाको कम्तिमा २५ प्रतिशत (रु.४,८८८) प्राप्त गर्दै आइरहेका छन्। यसबाट तालिम लिंदै गर्दा पनि सामान्य आम्दानी हुनगई युवाहरुलाई दैनिक खर्च व्यवस्थापनमा सहयोग पुगेको छ।

माथिको सम्पूर्ण उपलब्धिहरु हासिल गर्न परियोजना अन्तर्गत औद्योगिक प्रशिक्षार्थी कार्यक्रम बारे सूचना सम्प्रेसण, आउटरिच क्रियाकलाप, वृत्ति परामर्श सेवा, Hire an apprentice कार्यक्रम, पेशागत स्वास्थ्य र सुरक्षा बारे उद्योगहरुसँग अन्तरक्रिया, उद्योग शिक्षालय र प्रशिक्षार्थी बिच सिकाई उपलब्धी सुधार बारे अन्तरक्रिया, प्रशिक्षार्थी उद्योग र शिक्षालयहरुमा नियमित अनुगमन र पृष्ठपोषण, अप्रेंटीसहरुलाई अतिरिक्त कक्षा सञ्चालन, Career perspective and motivation session, विभिन्न ट्रेसर अध्ययन र प्राप्त सूचनाहरुको कार्यान्वयन आदि जस्ता गतिविधिहरु सञ्चालन गरिएको थियो।

ख) कार्यगत अभ्यास सहितको पेसागत तालिम तथा रोजगारीमा पदस्थापन:

क्र. स.	क्रियाकलाप	इकाइ	वार्षिक लक्ष्य	भर्ना संख्या	तालिम सम्पन्न संख्या	कैफियत
१	आ.व. २०७८/०७९ मा भर्ना भइ तालिम सम्पन्न गर्ने सहभागी संख्या	प्रशिक्षार्थी	२२०	२१८	१९५	तालिम सम्पन्न
२	आ.व. २०७९/०८० मा भर्ना भइ तालिम सम्पन्न गर्ने सहभागी संख्या	प्रशिक्षार्थी	४००	३९९	२९२	तालिम सम्पन्न
३	आ.व. २०८०/०८१ मा भर्ना भइ तालिम सम्पन्न गर्ने सहभागी संख्या	प्रशिक्षार्थी	४२०	४२०	३९६	तालिम सम्पन्न
४	आ.व. २०८१/०८२ मा भर्ना भइ तालिम सम्पन्न गर्ने सहभागी संख्या	प्रशिक्षार्थी	४२०	४१०	३६७	तालिम सम्पन्न
	तालिम सम्पन्न जम्मा संख्या		**१४६०**	**१४४७**	**१२५०**	
५	आ.व. २०८२/०८३ मा भर्ना भइ प्रशिक्षणरत सहभागी संख्या ***(परियोजनाको सहयोगबाट)***	प्रशिक्षार्थी	१००	८०	-	तालिम सञ्चालनमा रहेको
६	आ.व. २०८२/०८३ मा भर्ना भइ प्रशिक्षणरत सहभागी संख्या ***(स्थानीय तहको आन्तरिक स्रोतबाट)***	प्रशिक्षार्थी	४०	२०	-	तालिम सञ्चालनमा रहेको
	तालिम संचालनमा रहेको जम्मा संख्या		**१४०**	**१००**		

कार्यगत अभ्यास सहितको पेसागत तालिमको विगत पाँच वर्षको लक्ष्य १६०० जना रहेको थियो। सो तालिमका विभिन्न १२ वटा पेशागत क्षेत्रमा हालसम्म १५४७ (महिला ४५४, पुरुष १०९३) जना भर्ना भई १२५० (महिला ३९०, पुरुष ८६०) जनाले तालिम सम्पन्न गरेका छन्। यसरी तालिम सम्पन्न गर्ने दर महिला सहभागीहरुको बढी (८६%) रहेको छ भने पुरुष सहभागीहरुको तालिम सम्पन गर्ने दर महिलाको तुलनामा कम (७८%) रहेको छ। आ.व. २०८२/८३ मा भर्ना भएका १०० जना प्रशिक्षणरत छन्। सन् २०२६ जुन महिनामा परियोजनाले गरेको ट्रेसर अध्ययनले २९ प्रतिशत युवाहरुले कार्यगत अभ्यास सहितको पेसागत तालिम एकदमै राम्रो, ५८ प्रतिशतले राम्रो, १२ प्रतिशतले ठिकै र १ प्रतिशतले खासैराम्रो नभएको प्रतिक्रिया दिएका छन्।



तालिम सम्पन्न गरेका सहभागीमध्ये हालसम्म जम्मा ११६८ (महिला ३७१, पुरुष ७९७) जना सीप परीक्षणमा सहभागी भएका छन् जसमध्ये ६६५ (महिला १९९, पुरुष ४६६) जना पास भएका छन्। यसरी महिला सहभागीहरुको सीप परीक्षणमा पास दर ५४ प्रतिशत र पुरुष सहभागीहरुको ५८ प्रतिशत रहेको छ। सीप परीक्षणमा सहभागी भएका जम्मा ३३८ जनाको नतिजा प्रकाशन हुन बाँकी छ। सीप

परिक्षणमा पास हुनेको दर उल्लेखनीय छ र प्रत्येक वर्ष क्रमशः वृद्धि हुँदै गइरहेको देखिन्छ। आ.व. २०७८/७९ मा जम्मा १७९ को ७२ प्रतिशत, आ.व. २०७९/८० मा जम्मा २५२ को ७९ प्रतिशत, आ.व. २०८०/८१ मा जम्मा ३७९ को ८५ प्रतिशत र आ.व. २०८१/८२ मा जम्मा २० को ९० प्रतिशत पास भएका छन्। सन् २०२६ जुन महिनामा परियोजनाले गरेको ट्रेसर अध्ययनले पनि कार्यगत अभ्यास सहितको तालिमका सहभागीहरुको पास दर उल्लेखनीय (८० प्रतिशत) रहेको पुष्टि गरेको छ।

उक्त अध्ययनले कार्यगत अभ्यास सहितको तालिमका सहभागीहरुको रोजगारीको दर ६८ प्रतिशत रहेको देखाएको छ। अध्ययनमा संलग्न ११४ जना मध्ये रोजगार ५२ प्रतिशत, स्व-रोजगार १४ प्रतिशत, वैदेशिक रोजगार २ प्रतिशत र बेरोजगार ३२ प्रतिशत रहेका छन् भने ७७ प्रतिशत तालिम लिएकै क्षेत्रमा रोजगारमा रहेका छन्। तालिमका सहभागीहरुको रोजगारीको दर उल्लेखनीय देखिए तापनि परियोजनाले गरेको लक्ष्य (८० प्रतिशत) मा पुग्न अझै पहल गर्नुपर्ने देखिन्छ।

कार्यगत अभ्यास सहितको पेशागत तालिमले युवाहरुलाई आम्दानी वृद्धि गर्न सहयोग गरेको छ। यस ट्रेसर अध्ययनमा सहभागी भएका ११४ जना युवाको औसत मासिक आम्दानी रु.२३५१७ रहेको देखाएको छ। तालिम सम्पन्न भए लगत्तै रोजगारमा जाँदाको औसत मासिक आम्दानी रु.१३३७७ रहेको देखाएको छ। यसरी ट्रेसर अध्ययनको बेलामा सो औसत रकम रु.१०१४० ले वृद्धि भएको पाइएको छ नेपाल सरकारको न्यूनतम ज्याला (रु.१९५५०) भन्दा बढी कमाउनेको संख्या ४३ प्रतिशत रहेको छ।



ट्रक हेल्परबाट उठेको यात्रा

२९ वर्षीय मनोज चौधरी बाँकेको कोहलपुरका बासिन्दा हुन् । आठ जनाको परिवारमा हुर्किए । जीविकोपार्जनको बाटोको रुपमा रहेको सानो खेतको कमाइबाट परिवारको दैनिकी मुश्किल थियो । बाल्यकाल अभाव र पछौटेपनमा बित्यो । एसएलसीपछि धन कमाएर गरिबी र अभावलाई चिर्ने सपनासाथ भारतको जुगरात गए । त्यहाँ उनले वेटरको काम पाए । तर त्यहाँको तलबले परिवार र आफ्नो आवश्यकता पुरा नहुने देखिएपछि उनी नेपाल फर्के । नेपालमा उनले ट्रकमा सहचालकको काम गर्न थाले । महिनाको ८ हजार कमाई हुन्थ्यो तर काँधमा रहेको परिवारको भरणपोषणको भार यसले थेग्न नसक्ने थियो। मनोजले तीन महिना अवधिको हाउसवायरिङ तालिम लिए र वायरिङ सहायकको रूपमा पनि काम गरे । यसबाट दैनिक ५०० जति कमाउँथे, तर आवश्यकता त्यो भन्दा धेरै थियो । उनले दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना अन्तर्गतको १० महिनाको कम्प्युटर हार्डवेयर र नेटवर्क प्राविधिक तालिमको बारेमा थाहा पाए । आवेदन दिए र छनौट भए । लगनशीलता र मेहनतले गर्दा उनले नेपालगञ्जको HCRC अस्पतालमा प्राविधिकको जागिर पाए ।

अहिले उनी त्यहाँ आइटी र बिजुलीको काम सम्हाल्छन् । अस्पतालका प्रमुख अधिकृत युवराजजङ्ग शाह भन्छन्, "मनोज मेहनती र इमान्दार छ । उसले आइटी सम्बन्धी सबै काम एक्लै गर्छ । "मनोज अहिले महिनाको १८ हजार कमाउँछन् । ओभरटाइम हिसाब गर्दा मासिक तलब २५ हजार हुन्छ । यो पैसाले उनी परिवारको रेखदेख गर्छन् भने महिनाको दुई हजार बचत गर्छन् । यो बाहेक आफ्नो र छोरीको बीमाको किस्ता पनि तिर्छन् ।

"म सूचना प्रविधिको क्षेत्रमै थप अनुभव आर्जन गर्न चाहन्छु, भविष्यमा आफै केही गरेर अरुलाई पनि रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने लागेको छ"

माथिको उपलब्धिहरु हासिल गर्न तालिमको प्रारम्भिक चरण देखि नै सहभागी तथा तालिम प्रदायक संस्थालाई अभिमुखीकरण गरियो। तालिम सहभागीहरुलाई वृत्ति परामर्श सेवा, स्थानीय तहहरुसँग सयुक्त अनुगमन तथा स्थानीय तहहरुद्वारा प्रशिक्षार्थी, उद्योग र शिक्षालयहरुमा नियमित अनुगमन र पृष्ठपोषण, पेशागत स्वास्थ्य र सुरक्षा बारे उद्योगहरुसंग अन्तरक्रिया आदि जस्ता गतिविधिहरु संचालन गरियो।

ग) सीप स्तरोन्नति तालिम:

क्र.स.	आ.व.	इकाइ	वार्षिक लक्ष्य	तालिम लिएको संख्या			कैफियत
				महिला	पुरुष	जम्मा	
१	आ.व. २०७९/०८०	जना	३६०	७१	२८९	३६०	
२	आ.व. २०८०/०८१	जना	४४०	५२	३८१	४३३	
३	आ.व. २०८१/०८२	जना	४४०	५०	३८२	४३२	
४	आ.व. २०८२/०८३	जना	२४०	२७	१७३	२००	
	जम्मा		**१४८०**	**२००**	**१२२५**	**१४२५**	

उद्योग व्यावसायहरुमा कार्यरत जनशक्तिको लागि नयाँ प्रविधिको विकास तथा बजारको माग बमोजिम सीप स्तरोन्नति गरी उद्योग व्यावसायहरुको उत्पादकत्व वृद्धिका साथै कामदारहरुको आम्दानीमा पनि थप वृद्धि हुनमा मद्दत गर्ने उद्देश्यले रुपन्देही उद्योग संगठन (RCI), नेपालगन्ज उद्योग बाणिज्य संघ, तुलसीपुर उद्योग बाणिज्य संघ र होटेल एसोसिएसन नेपाल सँगको सहकार्यमा विभिन्न विषयमा सीप स्तरोन्नति तालिम सञ्चालन भयो। यस तालिमबाट हालसम्म जम्मा ८२९ वटा उद्योगहरुबाट विभिन्न विषयमा जम्मा १४७१ (महिला २०६, पुरुष १२६५) जना कामदारहरु तालिममा सहभागी भई सीप अभिवृद्धि गरेका छन्।




म मेकानिकल फिटरको सीप स्तरोन्नति तालिममा आ.व. २०८१/०८२ मा सहभागी भए। तालिम पश्चात सम्बन्धित विषयमा सीप तथा व्यावसायिक दक्षता हासिल गरें । भेनस हाइड्रो एण्ड इलेक्ट्रिसिटी प्रा.लि. बुटवलमा विगत ७ वर्षदेखि कार्यरत म आफ्नो सीप र अनुभवका आधारमा मासिक रु.९ हजारबाट रु.२४ हजारसम्म आम्दानी वृद्धि गर्दै पेशागत रूपमा उल्लेखनीय प्रगति हासिल गरेको छु।

- लक्ष्मी थारु

सन् २०२६ को जुनमा परियोजनाले ट्रेसर अध्ययन गर्दा यो तालिम पछि कामदारहरुको कार्य सम्पादन प्रति उत्तरदाता उद्योगीहरु मध्ये १३ प्रतिशतले धेरै सन्तुष्ट, ५७ प्रतिशतले सन्तुष्ट र ३० प्रतिशतले ठिकै भएको प्रतिक्रिया गरेका थिए। तालिममा सहभागी भएका कामदारहरु मध्ये ५८ प्रतिशतले तालिम राम्रो भएको, ४० प्रतिशतले ठिकै भएको र २ प्रतिशतले तालिम उपयोगी नभएको बताएका छन्। तालिममा संलग्न कामदारहरु मध्ये ३४ प्रतिशत कामदारहरुले तालिम पश्चात मासिक आम्दानीमा वृद्धि भएको बताएका छन्। यसैगरी तालिम

लिनु भन्दा अगाडी कामदारहरुको औषत मासिक आम्दानी रु.१६,७२२ रहेको थियो भने तालिम पश्चात पहिलो महिनाको औषत मासिक आम्दानी रु.२५,६११ पुगेको बताए। यसरी तालिम पश्चात कामदारहरुको औषत मासिक आम्दानीमा रु. ८,८८९ ले वृद्धि भएको देखिन्छ।



श्रम बजारको मागअनुसार सीप पहिचान गरी तालिम सञ्चालन प्रक्रियालाई व्यवस्थित गर्नका लागि रुपन्देही उद्योग संघ वुटवलले हालसम्म सञ्चालन भएका क्षमता अभिवृद्धि क्रियाकलाप, औद्योगिक प्रशिक्षार्थी तालिम, कार्यगत अभ्याससहितको तालिम तथा सीप स्तरोन्नति तालिम प्राप्त युवाहरूको विवरण अद्यावधिक गर्न, सीपको माग पहिचान गर्न र सीपयुक्त युवाहरुलाई रोजगारमा आवद्ध गराउन वेबसाइट (https://www.rci.org.np/skill-development-unit) निर्माण गरेको छ। साथै, सदस्य उद्योगहरूले दक्ष जनशक्ति माग सम्बन्धी विज्ञापन, आवश्यक सीप तालिम विवरण, सीपयुक्त जनशक्तिको विवरण सहित अद्यावधिक गर्न सक्ने सुविधा पनि उपलब्ध गराएको छ।

मलाई २०८० मा PLC तथा Instrumentation SUT तालिममा सहभागी हुने अवसर प्राप्त भयो। यस क्रममा मैले मेकानिकल र इलेक्ट्रिकल दुवै क्षेत्रको ज्ञान व्यवहारिक रूपमा कार्यस्थलमा प्रयोग गर्दै औद्योगिक स्वचालन प्रणालीमा बलियो आधार बनाएँ, जसले मेरो आत्मविश्वास र प्राविधिक दक्षता बढायो। यस अनुभवका आधारमा मैले लुम्बिनी प्रदेशभर VFD तथा अटोमेसनसम्बन्धी तालिम प्रदान गर्ने र लुम्बिनी इन्जिनियरिङ कलेजमा प्रशिक्षकका रूपमा सेवा गर्ने अवसर पाएँ। साथै, troubleshooting, मर्मत सम्भार र औद्योगिक प्रयोगमा प्राप्त व्यवहारिक अनुभवले मेरो दक्षता अझ सुदृढ बनाएको छ। मेरो तालिमले विद्यार्थीहरूको ज्ञान र आत्मविश्वास बढाएको देख्दा अत्यन्त खुशी लाग्छ।


अखिलेश यादव, सीप स्तरोन्नति तालिम सहभागी

यसले रुपन्देही उद्योग संघ, उद्योगहरू र शिक्षालयबीच सहकार्य सुदृढ भई तालिम सञ्चालनमा सहजता भएको, उद्योगहरूलाई तालिम प्राप्त जनशक्ति भर्ना गर्न सहज हुने गरेको र शिक्षालयलाई प्रशिक्षार्थीहरूका लागि कार्यस्थलमा औद्योगिक प्रशिक्षण तालिम सञ्चालन गर्न अनुकूल वातावरण सिर्जना भएको छ ।

घ) वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उद्यमशीलता तालिम:

आप्रवासी श्रमिक संरक्षण संजाल सँग समन्वय गरी वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उनीहरुको ज्ञान, सीप र पुँजीको सदुपयोग गरी उद्यमशील बन्न प्रेरणा दिने उद्देश्यले ५ दिने उद्यमशीलता विकास

तालिम सञ्चालन गरियो। यस तालिमबाट जम्मा १४७ (महिला १५, पुरुष १३२) जना युवाहरु लाभान्वित भएका छन्। तालिमका सहभागीहरुले आफ्नो ज्ञान, सीप र क्षमताको आधारमा सुरुवात गर्न सकिने व्यावसायको लागि योजना निर्माण गरेका छन्। यस तालिमका लागि सहभागी छनौटका लागि सबै खर्च आप्रवासी श्रमिक संरक्षण संजालले गरयो भने तालिम सहजकर्ता खर्च, हल भाडा र सहभागीहरुको यातायात खर्च इन्स्योर परियोजनाबाट र तालिमको लागि स्टेशनरी, सहभागी खाजा/खाना वापतको खर्च सम्बन्धित पालिकाबाट व्यवस्था गरिएको थियो। यो तालिम घोराही उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका, कोहलपुर नगरपालिका, गेडुवा गाउँपालिका, खजुरा गाउँपालिका, जानकी गाउँपालिका र सुनिलस्मृति गाउँपालिकाको सहकार्यमा संचालन भएको थियो।



आन्तरिक रोजगारी प्रवर्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता प्रवर्धन कार्यक्रम संचालन सम्बन्धमा

कोहलपुर नगरपालिका, कोहलपुर, बाँके

आप्रवासी श्रमिक संरक्षण सञ्जाल (RMN), कोहलपुर, बाँके,

र

दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSSURE – दोस्रो चरण), देउखुरी–दाङ

बीच सम्पन्न

त्रिपक्षीय समझदारीपत्र

(Memorandum of Understanding – MoU)

मितिः २०८२ चैत्र १९ गते

ङ) Career perspective and motivation session संचालनः

औद्योगिक प्रशिक्षार्थी तालिम संचालनरत ११ वटै शिक्षालयहरुमा Career perspective and motivation session संचालन गरिएको थियो। यस कार्यक्रमको मुख्य उद्देश्य प्रशिक्षार्थीहरूलाई तालिममा निरन्तरता दिन र सफलतापूर्वक पूरा गर्नको लागी प्रेरित गर्नु, उनीहरुको रुचि, क्षमता र लक्ष्यबारे छलफल गर्दै करियरका सम्भावनाहरू प्रस्तुत गर्नु, अभिभावकहरुको भूमिका बारे जानकारी गराउनु, तालिम अवधिमा अभ्यास गरिने काम तथा गतिविधिहरूको बारेमा प्रशिक्षार्थीहरूलाई बुझाउनुका साथै तालिमबाट हुने दीर्घकालीन लाभबारे जानकारी गराउनु रहेको थियो।

हाम्रो कम्पनीमा मेकानिकलसम्बन्धी विभिन्न कार्य, विशेषगरी वेल्डिङ र कटिङ गरिन्छ। प्रशिक्षण अवधिभर नियमित उपस्थिति, कार्यतालिकाको पालना र सहकार्य गर्नु अनिवार्य हुन्छ। यो तालिमले राम्रो रोजगारी र स्वरोजगारका अवसर सिर्जना गर्छ। उदाहरणका रूपमा, एक जना प्रशिक्षार्थीले तालिमपछि क्रोएसियामा रोजगारी प्राप्त गर्नुभएको छ भने अन्यले दाङमा आफ्नै व्यवसाय सफलतापूर्वक सञ्चालन गरिरहेका छन्। त्यसैले, उज्ज्वल भविष्यका लागि सीप विकासलाई प्राथमिकता दिनु आवश्यक छ।

– सबिन रोका क्षेत्री
स्वर्गद्वारी वर्कशप, बुटवल

यस कार्यक्रममा प्रशिक्षार्थी, प्रशिक्षार्थीहरुको अभिभावक, उद्योगका प्रतिनिधिहरु, प्रदेश सरकर तथा स्थानीय तहका प्रतिनिधिहरु, शिक्षालयका प्रतिनिधिहरु गरि जम्मा ४३३ जनाको सहभागिता रहेको थियो। जस मध्ये ४५ प्रतिशत महिला सहभागी रहेका थिए। कार्यक्रम पश्चात तालिम पाठ्यक्रम, विद्यालय र उद्योगमा आधारित सिकाइ विधि तथा दीर्घकालीन लाभबारे प्रशिक्षार्थी र अभिभावकहरूको बुझाइमा स्पष्टता भई तालिम

पुरा गर्ने सम्भावनामा वृद्धि भएको देखिन्छ। यो कार्यक्रमले प्रशिक्षार्थी, विद्यालय, उद्योग, अभिभावक, पूर्व प्रशिक्षार्थी, स्थानीय तथा प्रदेश सरकारका प्रतिनिधि लगायत सरोकारवालालाई एकै ठाउँमा ल्याई भूमिका र प्रतिबद्धताबारे छलफल गर्ने अवसर सृजना गरयो।


च) पूर्व प्रशिक्षार्थी संजाल निर्माणः



विभिन्न प्राविधिक शिक्षालयबाट २४ महिने तालिम कार्यक्रम सम्पन्न गरेका प्रशिक्षार्थीहरूको प्रदेशस्तरीय संजाल गठन गरिएको छ। नवगठित सञ्जालले प्राविधिक शिक्षाको गुणस्तर सुधार, श्रम बजारअनुकूल पाठ्यक्रम विकास तथा रोजगारमुखी नीतिका लागि पैरवी गर्ने लक्ष्य लिएको छ। साथै, प्रदेश, क्लस्टर र शिक्षालय तहमा आधारित तीन तहको संरचना प्रस्ताव गरी उद्योग-शिक्षा सहकार्य सुदृढ गर्ने, बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गर्ने, रोजगारीसम्बन्धी सूचना प्रवाह गर्ने तथा सफल अभ्यासहरूको दस्तावेजीकरण र पूर्व-प्रशिक्षार्थीहरूको सक्रिय संलग्नता सुनिश्चित गर्ने कार्ययोजना बनाएका छ। यस कार्यक्रममा सामाजिक विकास मन्त्रालयबाट सचिव र उप-सचिव, CTEVT बाट प्रदेश निर्देशक, उद्योग संघका प्रतिनिधि लगायत जम्मा २७ जनाको सहभागिता रहेको थियो।

छ) औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रमका आवेदकहरूको प्रतिक्रिया सर्भेक्षण

परियोजना सहयोग इकाई लुम्बिनीले आ.व. २०८२/८३—२०८३/८४ का लागि ११ वटा प्राविधिक विद्यालयमा सञ्चालित औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम अन्तर्गत प्रशिक्षार्थी भर्ना कार्यक्रममा सहजीकरण गरेको थियो। आवेदन प्रक्रियाका क्रममा २४८ जना आवेदकसँग गरिएको सर्वेक्षणमा ७७% महिला र २३% पुरुष सहभागी थिए। सर्वेक्षणमा १ जना LGBTIQ समुदायका तथा ४ जना (२%) अपाङ्गता भएका आवेदक सहभागी थिए। साथै ३०% आवेदक अन्य शैक्षिक कार्यक्रममा अध्ययनरत रहँदै तालिममा सहभागी हुन इच्छुक थिए भने ६% आवेदक पहिलेदेखि नै रोजगारीमा संलग्न रहेको पाइयो।



आवेदक मध्ये ८९% ले आफ्नै रुचि, १३% ले अभिभावकको प्रोत्साहन र २% ले विद्यालयको सुझावलाई आधार बनाएको बताएका छन्। आवेदन सम्बन्धी जानकारी प्राप्त गर्ने प्रमुख माध्यम डिजिटल तथा औपचारिक स्रोतहरू रहेका छन्।

भविष्यमा छिटो सूचना प्राप्त गर्न मनपर्ने माध्यमका रूपमा ८५% युवाले डिजिटल तथा सामाजिक सञ्जाल रोजेका छन्। त्यसपछि सूचना पाटी १९%, रेडियो तथा अन्य श्रव्य-दृश्य माध्यम १२%, आउटरिच कार्यक्रम ८% र अन्य माध्यम १७% रहेका छन्। यसले सूचना प्रवाहका लागि डिजिटल प्लेटफर्म सबैभन्दा प्रभावकारी माध्यम भएको देखाउँछ। लगभग ११% आवेदकले आवेदन प्रक्रियामा कठिनाइ अनुभव गरेका छन्। आवेदकहरुले उद्योगबाट सिफारिस प्राप्त गर्न गाह्रो भएको बताएका छन्, जुन भर्नाका लागि आवश्यक अंक सुनिश्चित गर्न अनिवार्य हुन्छ। केहीले आवेदन प्रक्रियाबारे स्पष्ट जानकारीको अभाव रहेको बताएका छन्। साथै, लामो दूरी यात्रा गर्नुपर्ने झन्झट कम गर्न अनलाइन आवेदन प्रणाली सञ्चालन गर्नुपर्ने सुझाव दिएका छन्।

उत्तरदाताबाट प्राप्त मुख्य सुझावहरू

- कार्यक्रम सम्बन्धी सूचना प्रवाहका लागि डिजिटल तथा सामाजिक सञ्जाललाई प्राथमिकता दिने।
- तालिम सुरु हुनु अघि अभिभावक अभिमुखीकरण सञ्चालन गरी नियमित समन्वयमार्फत सहभागीहरूको निरन्तरता सुनिश्चित गर्ने।
- उद्योग सिफारिस तथा आवेदन प्रक्रियाबारे स्पष्ट सूचना र सहजीकरणको व्यवस्था गर्ने।
- आवेदन प्रक्रिया सहज र पहुँचयोग्य बनाउन अनलाइन आवेदन प्रणाली लागू गर्ने।
- अन्य अध्ययन वा रोजगारीमा संलग्न सहभागीहरूको नियमित अनुगमन र परामर्श गर्ने।
- अपाङ्गता भएका तथा अन्य कम प्रतिनिधित्व भएका समूहका युवाहरूको सहभागिता बढाउन समावेशी भर्ना प्रक्रियालाई निरन्तर सुदृढ गर्ने।

ज) वृत्ति मार्गनिर्देशन सेवा:

i) वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालनः

क्र.स.	क्रियाकलाप	इकाइ	लाभान्वित संख्या		
			महिला	पुरुष	जम्मा
१	युवा तथा विद्यार्थीलाई व्यक्तिगत रुपमा परामर्श	जना	३७८	६९४	१०७२
२	युवा तथा विद्यार्थीलाई सामुहिक परामर्श	जना	१९२७	१४०५	३३३२
३	युवा तथा अभिवाकलाई सामुहिक परामर्श	जना	२१८९	१९५६	४१४५
	जम्मा		**४४९४**	**४०५५**	**८५४९**
४	डिजिटल माध्यमबाट साइकोमेट्रिक टेष्ट गर्नेको संख्या	जना	४६३५	४९२६	**९५६१**

रोजगारी तथा सीपको अवसरको खोजीमा रहेका युवा, वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति र विद्यार्थीहरुलाई वृत्ति, पेशा, रोजगारी र सीपको बारेमा जानकारी गराउनुको साथै रुची, खुबी र क्षमता


अनुसार उनीहरूको वृत्ति विकास तथा रोजगारी सम्बन्धी मार्गनिर्देशन तथा परामर्श सेवा प्रदान गर्ने उद्देश्यले नेपाल सरकार सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेश द्वारा शिक्षा तालिम केन्द्र भैरहवा, रुपन्देहीमा वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको स्थापना भई सञ्चालनमा रहेकोछ। यस सेवा केन्द्रले युवाहरुलाई परामर्श सेवा, शिक्षक तालिम, स्थानीय तह, विद्यालय/शिक्षालय, विभिन्न संघ सगठनको माग अनुसार परामर्श सेवा प्रदान गर्दै आएको छ। वृत्ति मार्गनिर्देशन सेवा केन्द्रले हालसम्म ८५४९ (महिला ४४९४, पुरुष ४०५५) जना युवा तथा अविभावकहरुलाई परामर्श सेवा प्रदान गरेको छ। परियोजना क्षेत्र बाहिरका विभिन्न विद्यालय, स्थानीय सरकार, क्लवहरुबाट औपचारिक पत्र मार्फत वृत्ति मार्गनिर्देशन सेवाको लागि अनुरोधहरु आइरहेको छ। हालसम्म परियोजना क्षेत्र बाहिरका ४ वटा पालिकाहरु (सुनवल न.पा., सियारी गा.पा., चन्द्रकोट गा.पा. र रिप्दिकोट गा.पा.) का २०८ जना (१३९ महिला) लाई सामुहिक वृत्ति मार्गनिर्देशन सेवा प्रदान गरिएको छ।



वृत्ति मार्गनिर्देशन सेवा केन्द्रका काउन्सेलर सुशिला पौडेल युवालाई व्यक्तिगत काउन्सेलिङ गर्दै

यसैगरी रोजगार क्षेत्रमा काम गर्ने ७ वटा निजी संस्थाका १६ जना सहभागीहरुलाई वृत्ति मार्गनिर्देशन सेवाको बारेमा अभिमुखिकरण गरे पश्चात त्यहाँ बाट पनि युवाहरुलाई वृत्ति मार्गनिर्देशन सेवाको लागि पठाउन थालिएको छ। हाल सम्म ७ जना युवाहरुलाई रोजगार क्षेत्रमा काम गर्ने संस्थाहरु सेवाको लागि सिफारिस गरेका छन्।

वृत्ति मार्गनिर्देशन सेवा केन्द्रले लक्षित वर्ग सबैमा सर्वसुलभ रुपमा सेवाको पहुँच पुर्याउने उद्देश्यले सामाजिक विकास मन्त्रालयले डिजिटल प्लेटफर्मको विकास गरी वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको पोर्टल आफ्नो वेवसाइटमा समावेस गरी सञ्चालन गरिरहेको छ। यो पोर्टलमा https://mosd.lumbini.gov.np/ लिङ्कबाट हाल सम्म ९५६१ जना विद्यार्थी तथा युवाहरुले आफ्नो रुचि, खुबी र क्षमताको बारेमा जानकारी लिएका छन्। जसमध्ये ४६३५ जना (४८%) महिला रहेका छन्।



सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सामूहिक परामर्शको सत्रहरु सञ्चालन, वृत्ति मार्गनिर्देशन सेवा केन्द्रमा सामूहिक परामर्श सेवा प्रदान, रोजगार मेलाहरुमा स्टल राख्ने र सामूहिक परामर्शहरु चलाउने, समुदायहरुमा वृत्ति मार्गनिर्देशन सेवा बारे प्रचार-प्रचार, युवा क्लबहरुसँग समन्वय, रोजगारदाताहरुसँग समन्वय, अप्रवासी स्रोत केन्द्रहरु सँग समन्वय, शिक्षा तालिम केन्द्रमा शिक्षकहरुलाई प्रदान गरिने तालिममा समेत वृत्ति मार्गनिर्देशनको सत्रहरु लिने गरेको, वृत्ति मार्गनिर्देशन सेवा केन्द्र मार्फत प्रदान गरिने सेवा सम्बन्धी श्रव्यदृश्य सामग्रीहरु तयार गरी प्रचार-प्रसार जस्ता क्रियाकलापहरुले गर्दा वृत्ति मार्गनिर्देशन सेवा प्रति सेवाग्राहिहरुको आकर्षण बढिरहेको छ। वृत्ति मार्गनिर्देशन सेवा केन्द्र अवलोकनको लागि विभिन्न जिल्लाहरुबाट अवलोकनकर्ताहरुको उल्लेख्य आगमन भइरहेको छ।

ii) स्थानीय तहहरुमा वृत्ति मार्गनिर्देशन सेवा इकाई स्थापना र सन्चालनः

यसैगरी स्थानीय स्तरमै युवाहरुलाई सीप, रोजगारी, पेशा र श्रम बजारको बारेमा जानकारी गराउनुको साथै वृत्ति परामर्श सेवा प्रदान गर्ने र विद्यालयमा सञ्चालन हुने वृत्ति मार्गनिर्देशन कार्यक्रमको लागि क्षमता विकास तालीमहरु संचालन गर्ने उद्देश्यले लुम्बिनी प्रदेशका परियोजना संचालित ११ वटा मध्ये ६ वटा स्थानीय तहहरुले वृत्ति मार्गनिर्देशन सेवा इकाइ स्थापना गरेका छन्। यी इकाइहरुले प्रदेश स्तरमा स्थापना भएको वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सँग समन्वय गरेर विद्यालय स्तरमा स्थापना भएका वृत्ति ल्याब र वृत्ति मार्गनिर्देशन कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गर्नको लागि सहयोग गरिरहेका छन्। हालसम्म परियोजना क्षेत्रका ४६ वटा विद्यालयहरुमा र परियोजना क्षेत्र बाहिरका १ वटा विद्यालयमा गरि जम्मा ४७ वटा विद्यालयहरुमा वृत्ति ल्याबको स्थापना भइ संचालनमा रहेका छन्। यसले गर्दा स्थानीय र प्रदेश सरकारमा TVET सम्बन्धी कार्यक्रम संस्थागत गर्नमा सहयोग पुगेको छ।



वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रम प्रभावकारी र उपलब्धिमूलक रहेको कुरा महसुस गरि यस कार्यक्रममा विद्यार्थी र युवाहरुको सहज पहुँच पुर्याउने उद्देश्यले विभिन्न स्थानीय तहहरुले आफ्नो वेव साइटमा वृत्ति मार्गनिर्देशन पोर्टल राख्ने गरेका छन्। हाल सम्म २१ वटा स्थानीय तहहरुले वृत्ति मार्गनिर्देशन पोर्टल आफ्नो वेव साइटमा राखी सकेका छन्।


iii) वृत्ति मार्गनिर्देशन सेवा केन्द्र निर्देशन समितिको बैठक संचालनः

वृत्ति मार्गनिर्देशन सेवा केन्द्रलाई संचालन तथा व्यवस्थापन गर्न तथा यसको सेवालाई प्रभावकारी बनाउने उद्देश्यले वृत्ति मार्गनिर्देशन सेवा केन्द्र संचालन कार्यविधी २०८० लुम्बिनी प्रदेश मन्त्री स्तरीय निर्णयबाट

पारीत गरि कार्यान्वयन भैरहेको छ। यस कार्यविधीमा व्यवस्था भए वमोजिम वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको सेवा लाई प्रभाकारीरुपमा संचालन गर्न आवश्यक सलाह सुझाव प्रदान गर्नको लागि वृत्ति मार्गनिर्देशन सेवा केन्द्र निर्देशन समितिको गठन गरिएको छ। यस समितिको बैठक मिति २०८२ माघ २३ गतेका दिन सामाजिक विकास मन्त्रालयका सचिव श्री दिवाकर भण्डारी ज्यूको अध्यक्ष्यतामा आयोजन भएको थियो। यस बैठकमा वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको हाल सम्मको प्रगतिको समिक्षा, समितिलाई पूर्णता दिनको लागि सदस्यहरुको मनोनयन तथा समितिको नियमित बैठक त्रैमासिक रुपमा गर्ने निर्णय गरियो।

iv) सामुदायिक तथा निजी विद्यालयका कक्षा ९ र १० का विद्यार्थीहरुलाई वृत्ति-मार्गनिर्देशन सेवा

क्र.स.	क्रियाकलाप	इकाइ	वार्षिक लक्ष्य	लाभान्वित संख्या		
				महिला	पुरुष	जम्मा
१	आ.व. २०७८/०७९	विद्यार्थी	४४००	५३९	३५२	८९१
२	आ.व. २०७९/०८०	विद्यार्थी	४४००	२५६८	२१९५	४७६३
३	आ.व. २०८०/०८१	विद्यार्थी	६३४२	३८००	३०५०	६८५०
४	आ.व. २०८१/०८२	विद्यार्थी	५३२५	४४४३	३६५९	८१०२
५	आ.व. २०८२/०८३	विद्यार्थी	-	३६८५	२९९६	६६८१
	जम्मा		२०४६७	१५०३५	१२२५२	२७२८७



यस आ.व. २०८२/०८३ सम्म सामुदायिक विद्यालयका कक्षा ९ र १० का जम्मा २०४६७ जना विद्यार्थीहरुलाई वृत्ति-मार्गनिर्देशन कार्यक्रममा सहभागी गराउने लक्ष्य राखिएकोमा हालसम्म जम्मा २७२८७ जना विद्यार्थी लाभान्वित भएका छन्। लाभान्वित विद्यार्थी मध्ये ५५ प्रतिशत छात्रा रहेका छन्। यस सत्रले विद्यार्थीहरुलाई वृत्तिको बारेमा सूसुचित भई आफ्नो क्षमता अनुसारको सही वृत्ति छनौट गर्न सहयोग पुर्याएको छ। सन् २०२५ मे मा वृत्ति मार्गनिर्देशन सत्रमा सहभागी भएका विद्यार्थीहरुसँग गरिएको सर्भेक्षणले ६९ प्रतिशत विद्यार्थीहरुले उच्च शिक्षा अध्ययन गर्दा आफूले छानेकै वृत्तिमा अध्ययन गरेको देखाएको छ। त्यसैगरी ९९ प्रतिशत विद्यार्थीहरुले वृत्ति मार्गनिर्देशन सत्रको विषयवस्तु उपयुक्त रहेको प्रतिक्रिया गरेका छन्।

वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमप्रति स्थानीय सरकारहरुको अपनत्व बढ्दै गएको छ। हालसम्म परियोजना सन्चालित ११ वटा स्थानीय तहमध्ये ६ वटा स्थानीय तहहरुले विद्यालयमा वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन कार्यविधी अनुमोदन गरी वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी गतिविधिहरु सञ्चालन गरिरहेका छन् भने ४ वटा स्थानीय तहहरुले वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमलाई स्थानीय पाठ्यक्रममा समावेश गरेका छन्। स्थानीय तहहरुले वृत्ति मार्गनिर्देशन सेवाको लागि आन्तरिक स्रोतबाट पनि वजेट विनियोजन गरिरहेका छन्।

परियोजना सञ्चालित स्थानीय तहहरुमा वृत्ति-मार्गनिर्देशन कार्यक्रममा प्रभावकारी देखिएको कारणले छिमेकी स्थानीय तहहरु पनि यो कार्यक्रम आफ्नै स्रोतबाट सञ्चालन गर्न उत्सुक देखिएका छन्। हालसम्म बर्दियाका मधुवन नगरपालिका र बढैयाताल गाउँपालिका र प्युठानको सरुमारानी गाउँपालिकाले परियोजना सहयोग इकाई, लुम्बिनीको प्राविधिक सहयोगमा यो कार्यक्रम आफै सञ्चालन गरेका छन्।



वृत्ति मार्गनिर्देशन शिक्षकहरुको क्षमता विकास तालिम,

विद्यालयमा वृत्ति मार्गनिर्देशन सेवा प्रभाकारी हुनुमा शिक्षकहरुको क्षमता विकास (जम्मा ३७३-१३३ महिला, २४० पुरुष) र परिचालन, अभिवावकहरुलाई अभिमुखीकरण, विद्यार्थीहरुलाई उनीहरुले रोजेको विषयमा आवद्ध विज्ञ तथा सफल व्यक्तिहरुसँग अनुभव आदान-प्रदान र विद्यार्थीहरुको वृत्ति पथ पहिचान र वृत्ति विकास योजना निर्माण जस्ता गतिविधीहरुले मुख्य भूमिका खेलेको छ।

v) विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रमहरु (School to work transition)

विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई कामको संसार सम्बन्धी आधारभूत ज्ञान, सीप र अवधारणा प्रदान गर्ने उद्देश्यले ११ वटा पालिकाका ४९ वटा विद्यालयहरूमा विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रम संचालन गर्ने लक्ष्य रहे तापनि ५० वटा विद्यालयहरुमा यो कार्यक्रम संचालन गरियो। यस अन्तर्गत वित्तीय तथा डिजिटल साक्षारता सत्र, सफल उद्योगी/ व्यावसायीहरुद्वारा उत्प्रेरणात्मक सत्र, प्राविधिक



उद्यमशीलता चुनौती परियोजना कार्यान्वयन गर्दै श्री ज्ञानोदय मा.वि. वुटवलका विद्यार्थीहरु

शिक्षालय/उद्योगहरुको अवलोकन भ्रमण रे प्राविधिक शिक्षा तथा वृत्ति पथ र उद्यमशीलता चुनौती परियोजना कार्य सञ्चालन गरिएको थियो। जसबाट बिद्यार्थीहरुले उद्यमशिलाताको अवधारणामा प्रष्ट भइ व्यावसाय छनौट र व्यावसायिक योजना निर्माण गर्न सक्षम भएका छन। यस क्रियाकलापबाट १०७८० विद्यार्थीहरु लाभान्वित भएका छन् जसमा ४७४७ (४४%) छात्र र ६०३३ (५६%) छात्राहरुको सहभागिता रहेको थियो। उद्यमशीलता चुनौती परियोजना कार्यलाई निरन्तरता प्रदान गर्न हालसम्म सात वटा विद्यालयहरुले उद्यमशीलता चुनौती घुम्ती कोषको स्थापना गरिसकेका छन्।

vi) विद्यालयका शिक्षकहरुलाई उद्यमशीलता विकास सम्बन्धी ५ दिने प्रशिक्षक प्रशिक्षण तालिम

विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रम अन्तर्गत कक्षा ९ को विद्यार्थीहरुलाई लक्षित गरि योजना गरिएको उद्यमशिलता परियोजना कार्यक्रम प्रभावकारी रुपमा संचालनको लागि छनोट भएका विद्यालयका फोकल शिक्षकहरुलाई ५ दिने उद्यमशीलता विकास सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको थियो । तालिममा उद्यमशिलताको अवधारणा, व्यावसायिक योजना, व्यावसायिक योजनाको कार्यान्वयन, बजारीकरण, ब्राडिंग आदि विषय वस्तुहरु समेटिएको थियो । जसमा लुम्बिनी, कर्णाली र सुदुर पश्चिम प्रदेशका २६ वटा विद्यालयबाट २६ जना फोकल शिक्षकहरुको सहभागिता रहेको थियो । जसमध्ये ४२ प्रतिशत महिला रहेका थिए ।

२.२ श्रम बजारको आवश्यकता सम्बोधन गर्ने प्रादेशिक र स्थानीय सरकारको सवलिकरण

क) TVET र वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमको लागि प्रदेश तथा स्थानीय सरकार द्वारा स्रोत व्यवस्थापन

i) बजेट व्यवस्थापनः

आ.व.	वृत्ति मार्गनिर्देशन कार्यक्रम		TVET कार्यक्रम		कुल जम्मा
	स्थानीय तह	प्रदेश सरकार	स्थानीय तह	प्रदेश सरकार	
आ.व. २०७९/८०	२,७००,०००	०	४००,०००	२,०००,०००	५,१००,०००
आ.व. २०८०/८१	३,९१७,०००	१,०००,०००	५५०,०००	२,०००,०००	७,४६७,०००
आ.व. २०८१/८२	३,९६५,०००	६००,०००	४००,०००	२,०००,०००	६,९६५,०००
आ.व. २०८२/८३	६,५८०,०००	१,०००,०००	२,१००,०००	२,०००,०००	११,६८०,०००
जम्मा	**१७,१६२,०००**	**२,६००,०००**	**३,४५०,०००**	**८,०००,०००**	**३१,२१२,०००**

वृत्ति मार्गनिर्देशन सेवा र TVET सम्बन्धी गतिविधीका लागि स्थानीय र प्रदेश सरकारले नियमितरुपमा बजेट विनियोजन गर्दै आइरेहेका छन्। परियोजनाको चार वर्षको अवधीमा स्थानीय सरकारहरुले जम्मा रु. दुई करोड ६ लाख १२ हजार र प्रदेश सरकारले रु. एक करोड छ लाख गरि जम्मा रु. तीन करोड १२ लाख १२ हजार बजेट वृत्ति मार्गनिर्देशन सेवा र TVET सम्बन्धी गतिविधिका लागि विनियोजन गरेका छन्। बजेट विनियोजनको अवस्था हेर्दा TVET कार्यक्रम भन्दा वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रममा बढी बजेट विनियोजन गरेको देखिन्छ। साथै पहिलो बर्ष (आ.व.२०७९/०८० मा रु. ५,१००,०००)

भन्दा चौथो वर्ष (आ.व.२०८२/०८३ मा रु. ११,६८०,०००) मा बजेट विनियोजन उल्लेख्यरुपमा वृद्धि भएको देखिन्छ।

ii) मानविय स्रोत तथा कार्यालय व्यवस्थापनः

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले TVET सम्बन्धी कार्यक्रम व्यवस्थापन र कार्यान्वयन गर्न १ जना उपसचिव स्तरको कर्मचारीलाई फोकल पर्सनकोरुपमा जिम्मेवारी दिएको छ भने कार्य क्षेत्रका सबै स्थानीय तहहरुले TVET सम्बन्धी कार्यक्रम व्यवस्थापन र कार्यान्वयन गर्न १/१ जना अधिकृत तहको कर्मचारीलाई फोकल पर्सनकोरुपमा परिचालन गरेका छन्। यसैगरी वृत्ति मार्गनिर्देशन सेवा इकाई स्थापना भएका ६ वटै स्थानीय तहहरुले सेवाग्राहीहरुलाई सेवा दिने उद्देश्यले एक एक जना सम्पर्क व्यक्ति तोकी जिम्मेवारी दिएका छन्।

सामाजिक विकास मन्त्रालयले TVET सम्बन्धी कार्यक्रम व्यवस्थापन र कार्यान्वयन गर्न विज्ञान प्रविधि, प्राविधिक तथा व्यावसायिक शिक्षा महाशाखाको स्थापना गरेको छ। सामाजिक विकास मन्त्रालय अन्तर्गत सञ्चालित वृत्ति मार्गनिर्देशन सेवा केन्द्रको लागि शिक्षा तालिम केन्द्र भैरहवामा छुटै कार्यालयको व्यवस्था गरी सेवा सञ्चालन गरिँदै आएको छ। कार्यक्रम सञ्चालनरत ११ वटा स्थानीय तहहरुमध्ये ६ वटा स्थानीय तहहरुले वृत्ति मार्गनिर्देशन सेवा इकाइको व्यवस्था गरेका छन्। यसले गर्दा स्थानीय र प्रदेश सरकारमा TVET सम्बन्धी कार्यक्रम संस्थागत गर्नमा सहयोग पुगेको छ।


ख) सीप आवश्यकता पहिचान गर्न निजी क्षेत्रसँग प्रदेश सरकारको सहकार्य

श्रम बजारको आवश्यकता पहिचान गरि सोही अनुसारको सीप विकास कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशले रुपन्देही उद्योग संघ सँग समझदारी पत्रमा हस्ताक्षर गरेको छ। सोहि बमोजिम रुपन्देही उद्योग संघको नेतृत्वमा आ.व. २०८२/०८३ मा कपिल वस्तुको चन्द्रौटा बहादुरगन्ज करिडोरमा अवस्थित उद्योगहरुमा श्रम बजारको सीप आवश्यकता मुल्यांकन/पहिचान (Skill need assessment) सर्भे गरिएको छ। साथै रुपन्देही उद्योग संघले वार्षिकरुपमा उद्योग नक्शांकन गरी आवश्यक मानव संसाधनको समेत संख्या निर्धारण गर्दछ। सर्वेक्षण र वार्षिकरुपमा गरिने उद्योग नक्साङ्कन प्रतिवेदनले निर्दिष्ट गरेका सीप/पेशाहरुलाई मध्यनजर गरी सामाजिक विकास मन्त्रालयले उपलब्ध पाठ्यक्रमका आधारमा औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम सञ्चालन गर्नको लागि पेशागत कोटा निर्धारण गर्न मार्गदर्शन भएको छ।

ग) TVET कार्यक्रम सञ्चालन गर्नको लागि प्रदेश तथा स्थानीय सरकारको क्षमता अभिवृद्धि भएको


लुम्विनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम र परियोजना सञ्चालित स्थानीय तहहरुले कार्यगत अभ्यास सहितको तालिम सञ्चालन गर्दै आइरहेका छन्। हालसम्म औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम अन्तर्गत ५२६ जनाको तालिम सम्पन्न भएको छ भने ५६६ जना

प्रशिक्षणरत छन्। यसैगरी कार्यगत अभ्यास सहितको तालिम अन्तर्गत १२५० जनाको तालिम सम्पन्न भएको छ भने १०० जना प्रशिक्षणरत छन्।



सार्वजनिक सेवा खरिद सम्बन्धी अभिमुखीकरण तथा नियमित छलफल पश्चात स्थानीय तहहरुले कार्यगत अभ्यास सहितको तालिम सञ्चालनको लागि आफै सेवा प्रदायक खरीद गर्न सक्षम भएका छन्। कार्यक्रम सञ्चालनरत ११ वटा स्थानीय तहहरुमध्ये धेरै जसो स्थानीय तहहरुले स्वस्फुर्तरुपमा कार्यक्रम कार्यान्वयन तथा अनुगमन गरिरहेका छन्। स्थानीय तहहरुको भौतिक तथा वित्तीय प्रगति पहिलेको भन्दा सुधार हुँदै गएको छ।

हालसम्म परियोजना सन्चालित ११ वटा स्थानीय तहमध्ये ६ वटा स्थानीय तहहरुले विद्यालयमा वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधी अनुमोदन गरी वृत्ति मार्गनिर्देशन सेवा सम्बन्धी गतिविधिहरु संचालन गरिरहेका छन् भने ९ वटा स्थानीय तहहरुले सीप विकास तालिम संचालन कार्यविधी अनुमोदन गरी व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन गर्दै आईरहेका छन्। यसैगरी लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले प्रदेश स्तरमा स्थापना भएको वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन र व्यवस्थापनको लागि छुटै कार्यविधी बनाई मन्त्री स्तरीय निर्णयबाट अनुमोदन गरि सेवा केन्द्र सञ्चालन गर्दै आइरहेको छ।



स्थानीय र प्रदेश सरकारद्वारा अनुमोदन गरिएका केहि नीतिगत कागजातहरु


स्थानीय तह र प्रदेश सरकारसँग नियमित पैरवीका माध्यमबाट वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन सम्बन्धी कार्यविधी, विद्यालयमा वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका र सीप विकास तालिम सञ्चालन कार्यविधि तयार गरि सम्बन्धित सरकारद्वारा अनुमोदन, प्रदेश सरकार र रुपन्देही उद्योग सँग बीच समझदारी पत्रमा हस्ताक्षर, स्थानीय र प्रदेश सरकारलाई परियोजना प्रगतिबारे नियमितरुपमा अद्यावधिक र प्राविधिक सहयोगले माथि उल्लेखित नतिजाहरु प्राप्त गर्न योगदान गरेको छ।

२.३ उद्योगहरुलाई आवश्यक दक्ष जनशक्तिको आपूर्ति

क) उद्योगहरुको नीतिगत व्यवस्थामा सुधार

उद्योग संघ तथा उद्योगहरुले TVET कार्यक्रम सम्बन्धी नीतिगत व्यवस्थामा सुधार गर्दै गइरहेका छन्। रुपन्देही उद्योग संघले आफ्नो विधानमा अप्रेंटिsशीप कार्यक्रम सञ्चालन सम्बन्धी प्रावधान राखि संसोधन गरेको छ। दुई वटा उद्योगहरुले आफ्नो HR Strategy मा अप्रेंटिस भर्ना सम्बन्धी प्रावधान राखेका छन्। चार वटा उद्योगहरुले कार्बन फुटप्रिन्ट assessment and mitigation plan र १२ वटा उद्योगहरुले OSH audit manual तयार गरी कार्यान्वयनको सुरुवात गरेका छन्। यसैगरी उद्योगहरुको आवश्यकता पहिचान गरी विभिन्न सीप स्तरोन्नति तालिमको ५८ वटा पाठ्यक्रम निर्माण गरिएको छ।

उद्योगका कर्मचारी/प्रतिनिधिहरुले पेसागत सुरक्षा र स्वास्थ्य सम्बन्धी तालिम (OSH) प्राप्त गरेपछि आ-आफ्नो उद्योगहरुको लागि पेसागत सुरक्षा र स्वास्थ्य सम्बन्धी म्यानुअलहरू तयार गरेका छन् । जस मध्ये हाल सम्म जम्मा ८ वटा उद्योगहरूले सो म्यानुअल हस्ताक्षर गरि कार्यान्वयनमा ल्याएका छन् । यसै गरि ४ वटा उद्योगहरूले आफ्नो उद्योगको कार्बन फुटप्रिन्ट विश्लेषण पश्चात कार्वन उत्सर्जन न्यूनीकरण योजना तयार गरि अनुमोदन गरेका छन्।


Occupational Safety and Health (OSH) Manual

Arghakhanchi Cement Limited
Siyari Rural Municipality-2, Rupandehi

2081-07-08

अर्घाखाँची सिमेन्ट लि. को OSH म्यानुअल

ख) तालिम चक्रमा उद्योगीहरुको संलग्नता

<u>तालिम संचालन पूर्वः</u> तालिम संचालनको लागि उद्योग संघ तथा उद्योगीहरुले श्रम बजारको आवश्यकता अनुssसार सम्भावित सीप तथा पेशाको पहिचान गरी प्रदेश सरकार तथा स्थानीय तहहरुलाई सिफारिस गर्ने गरेका छन्। स्थानीय तहहरुले तालिम सञ्चालन गर्नु भन्दा पहिले स्थानीय उद्योगीहरु/व्यावसायी र रोजगारदाताहरुसँग समन्वय मार्फत आवश्यक सीप सँग सम्बन्धित तालिमको पेशाहरु पहिचान गरी सोहि आधारमा सीपमुलक तालिमहरु सञ्चालन गर्दै आइरहेका छन्। रुपन्देही उद्योग संघले उद्योगहरुलाई आवश्यक सीपको पहिचान (industry mapping) गरि वार्षिकरुपमा परियोजना सहयोग इकाई मार्फत प्रदेश सरकारलाई उपलब्ध गराउने गरेको छ र प्रदेश सरकारले सोहि आधारमा विभिन्न पेशागत क्षेत्रमा अप्रेंटिशीप तालिम कार्यक्रमको लागि अप्रेंटिसहरुको संख्या निर्धारण गर्ने गरेको छ। साथै तालिम कार्यक्रम प्रवर्द्धनका लागि प्रचार-प्रसारमा सहयोग गरी प्रशिक्षार्थी छनौट तथा भर्ना प्रक्रियामा पनि संलग्न हुने गरेका छन्।

तालिम सञ्चालन अवधीमा: उद्योगीहरुले औद्योगीक प्रशिक्षण र औद्योगीक अभ्यासको लागि अप्रेंटिस/प्रशिक्षार्थीहरुलाई उद्योगमा उपयुक्त सिकाइको वातावरण दिने गरेका छन्। औद्योगीक प्रशिक्षणका क्रममा प्रशिक्षार्थीहरुलाई प्रोत्साहन स्वरूप नेपाल सरकारको न्यूनतम् पारिश्रमिकको २५% रकम उपलब्ध गराउने, अन्य उद्योगहरुसँग सम्बन्ध स्थापित गर्न सहजीकरण गर्ने, कम्पनी प्रशिक्षक/सुपरभाइजरको व्यवस्था गरी कार्य स्थलको सिकाई प्रक्रियालाई सहजीकरण गर्ने, उद्योगमा विषयगत इकाइहरुमा कार्य अनुभवको लागि अवसर प्रदान गर्ने गरेका छन्। यसका साथै तालिमको अनुगमन र प्रशिक्षार्थीहरुको सिकाइ मूल्यांकन गर्ने, सीप स्तरोन्नति तालिममा कामदारहरुको संलग्नता गराई लागत साझेदारी गर्ने, प्राविधिक शिक्षालय र उद्योगीहरु बिच कार्यात्मक सम्बन्ध स्थापना गरि औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्न सहजीकरण गर्ने, उत्प्रेरणात्मक सत्रमा सहभागी भइ प्रशिक्षार्थीहरुलाई उत्प्रेरणा र तालिम पश्चात रोजगारी अवसरको सुनिश्चितता गर्ने जस्ता कार्यहरुमा योगदान गर्दै आइरहेका छन् ।

अप्रेन्टिसशिप कार्यक्रमले सहभागीहरुका लागि धेरै अवसरहरू खोल्नेछ। नेपालको अटोमोबाइल क्षेत्र तीव्र रूपमा विस्तार भइरहेको छ, जहाँ नयाँ कम्पनीहरू सवारी साधन एसेम्ब्ली र उत्पादनमा प्रवेश गरिरहेका छन्। यस उद्योगलाई सधैं दक्ष जनशक्तिको आवश्यकता रहनेछ; र यदि हामीले आफैंले त्यस्तो जनशक्ति विकास गर्न सकेनौं भने, छिमेकी देशका कामदारहरूले यो स्थान ओगट्नेछन्। हामीले अटोमोबाइल उद्योगमा आत्मनिर्भर बन्नेतर्फ काम गर्नुपर्छ।

राजेश्वर शर्मा

लोक सुशिला अटो कन्सर्न, बुटवल

तालिम पश्चात: तालिम पश्चात उद्योग संघ तथा उद्योगीहरुले सहभागीहरुलाई रोजगारीमा पदस्थापनको लागि सहजीकरण गर्नुको साथै रोजगारीमा रहँदा सीप स्तरोन्नतिको लागि अवसर प्रदान गर्ने गरेका छन् ।


यसका अतिरिक्त प्रदेश र स्थानीय सरकारले बनाउने विभिन्न निती तथा कार्यविधीमा सल्लाह सुझाव प्रदान गर्ने, तालिम पाठ्यक्रम निर्माण गर्दा आवश्यक सल्लाह सुझाव प्रदान गर्ने, परियोजना निर्देशन समितिमा सहभागिता र परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि सुझाव प्रदान गर्ने, विभिन्न क्षमता अभिवृद्धि सम्बन्धी तालिम/अन्तरक्रिया कार्यक्रममा सक्रिय सहभागिता जनाउने जस्ता गतिविधिहरुमा पनि उद्योगीहरुको संलग्नता रहेको छ ।

रुपन्देही उद्योग संघ बुटवलले उद्योगलाई आवश्यक पर्ने सीपयुक्त जनशक्ति सजिलै उपलब्ध गराउन संघमा सीप विकास इकाइ स्थापना गरि सदस्य उद्योगहरु र प्राविधिक शिक्षालयहरू बीच समन्वय र सम्बन्ध स्थापना गर्न नियमितरुपमा मध्यस्थता गरिरहेको छ । यसका साथै आफ्नो वेवसाइटमा छुटै रोजगार पोर्टल (https://www.rci.org.np/skill-development-unit) को प्रवन्ध गरी सदस्य उद्योगहरुका रोजगारीहरुलाई तालिम प्राप्त जनशक्तिहरुसंग जोड्ने काम गरिरहेको छ ।

ग) उद्योग संघका सदस्यहरुको क्षमता विकास

उद्योग संघ र यसका सदस्य उद्योगका कर्मचारीहरुको क्षमता विकासको लागि परियोजनाले सहयोग पुर्याएको छ। हालसम्म पेशागत सुरक्षा तथा स्वास्थ्य (OSH) तालिममा ५५ वटा उद्योगका १५७ जना सहभागीहरु, मानव संसाधन योजना निर्माण सम्बन्धी अभिमुखिकरणमा ३० उद्योगका ३९ जना, उद्योग संघका सदस्यहरुलाई सीप स्तरोन्नति तालिम सम्बन्धी अभिमुखिकरणमा ९१ उद्योगका १५० जना सहभागीहरुको, In-company trainers training मा ५८ उद्योगका ६६ जना सहभागीहरु, Carbon Footprint Assessment and Waste Minimization सम्बन्धी अभिमुखिकरण कार्यक्रममा २८ जना र अप्रेंटिशीप तालिम कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखिकरणमा विभिन्न उद्योगका १४० जना सहभागीहरुको उपस्थिति रहेको थियो।

निजी व्यावसाय/उद्योगहरुले TVET क्षेत्रमा आफ्नो सक्रिय सहभागिताका संगै आवश्यकता अनुसार उद्योगको लागि दक्ष जनशक्ति प्राप्त गर्न थालेका छन्। सन् २०२६ को जुनमा परियोजनाले ट्रेसर अध्ययन गर्दा तालिम पछि कामदारहरुको कार्य सम्पादन प्रति उत्तरदाता उद्योगीहरुमध्ये १३ प्रतिशतले धेरै सन्तुष्ट, ५७ प्रतिशतले सन्तुष्ट र ३० प्रतिशतले ठिकै भएको प्रतिक्रिया गरेका थिए। यसैगरी उद्योगमा आधारित सिकाईको क्रममा अप्रेंटिसहरुको कार्यसम्पादनबाट ७० प्रतिशत व्यावसाय/उद्योगहरु सन्तुष्ट रहेको अप्रेंटिस ट्रेकिंग रेकर्डले देखाएको छ।



अप्रेंटिशीप कार्यक्रममा हालसम्म ३०२ वटा उद्योगहरुको संलग्नता रहेको छ। कार्यक्रमको सुरुवाती वर्षहरुमा लघु उद्योगहरुको मात्र संलग्नता देखिए तापनि पछिल्ला वर्षहरुमा मझौला र ठुला उद्योगहरुको सहभागिता बढेको देखिन्छ। हालसम्म उद्योगहरुले अप्रेंटिशीप कार्यक्रम र सीप स्तरोन्नति तालिमको लागि १० करोड ७९ लाख ८१ हजार ५१४ रूपैया नगद लगानी पनि गरेका छन्।

एक हजार भन्दा बढी उद्योहरुको संगठनकोरुपमा रहेको रुपन्देही उद्योग संघ सँगको साझेदारीले उद्योहरु सँगको सम्बन्ध विस्तारमा सहयोग पुगेको छ। सीप स्तरोन्नति तालिमले विभिन्न उद्योगहरुमा कार्यरत कामदारहरुलाई उद्योगको आवश्यकता अनुसारको सीप प्रदान गर्न सहयोग पुगेको छ। उद्योग/व्यावसायहरुको समन्वयमा सञ्चालन गरिने कार्यगत अभ्यास सहितको तालिम र औद्योगीक प्रशिक्षार्थी तालिम कार्यक्रमले उद्योगहरुलाई आवश्यक सीपयुक्त जनशक्ति प्राप्त गर्न सहज भएको छ।

कम्पनी प्रशिक्षक तालिम, पेशागत सुरक्षा र स्वास्थ्य (OSH) तालिम, Green TVET अभिमुखीकरण आदि जस्ता गतिविधिले निजी क्षेत्रलाई TVET क्षेत्रमा सहभागिताको लागि योगदान पुर्याएको छ।

घ) लुम्बिनी सीप च्याम्पियनसिप २०८३

लुम्बिनी सीप च्याम्पियनसिप २०८३ पहिलो प्रादेशिकस्तरीय सीप च्याम्पियनसिपका रूपमा २२ मे २०२६ (८ जेठ २०८३) मा बुटवलमा आयोजना गरिएको थियो। रुपन्देही उद्योग संघ र लुम्बिनी प्रदेशको सामाजिक विकास मन्त्रालयको संयुक्त आयोजनामा तथा इन्स्योर/हेल्भेटासको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रमको मूल नारा **"प्राविधिक शिक्षामा जोड, रोजगारीको अवसरमा नयाँ मोड"** रहेको थियो। कार्यक्रमको समुद्घाटन माननीय सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिना ज्यूबाट गरिएको थियो। कार्यक्रमको मुख्य उद्देश्य युवामाझ प्राविधिक तथा व्यावसायिक शिक्षा र रोजगारीका अवसरबारे आकर्षण बढाउनुका साथै उद्योग, प्राविधिक शिक्षालय र सरकारी निकायबीच सहकार्य सुदृढ गर्नु थियो। कार्यक्रममा सूचना प्रविधि, अटोमोबाइल इन्जिनियरिङ र होटल व्यवस्थापन विधामा प्रत्यक्ष सीप प्रतियोगिता, वृत्ति मार्गनिर्देशन सेवा, प्यानल छलफल, उद्योग तथा प्राविधिक शिक्षालयका प्रदर्शनी स्टल र उद्यमशीलता चुनौतीका परियोजनाहरू प्रस्तुत गरिएको थियो।

कार्यक्रममा विभिन्न विद्यालयबाट विद्यार्थीहरु, औद्योगिक प्रशिक्षार्थीहरु, युवाहरु, पूर्व प्रशिक्षार्थी संजालका प्रतिनिधिहरु, उद्योग प्रतिनिधि, अभिभावक, शिक्षक, सरकारी तथा स्थानीय तहका प्रतिनिधि, सञ्चारकर्मी लगायत १,००० भन्दा बढी सहभागी तथा अवलोकनकर्ता रहेका थिए। प्रत्यक्ष सीप प्रतियोगितामार्फत सहभागी अप्रेन्टिसहरूले आफ्नो व्यावहारिक तथा प्राविधिक दक्षता प्रदर्शन गरेका थिए भने प्यानल छलफलमा TVET तथा अप्रेन्टिससिपका चुनौती, अवसर र भविष्यका सम्भावनाबारे छलफल गरिएको थियो। कार्यक्रमले प्राविधिक शिक्षा, सीप विकास र रोजगारी बीचको सम्बन्धबारे सकारात्मक धारणा विकास गर्न, उद्योग-शिक्षालय-सरकारबीच सहकार्य बढाउन तथा युवाहरूलाई सीपमा आधारित रोजगारीतर्फ आकर्षित गर्न महत्वपूर्ण योगदान पुऱ्याएको थियो। यस कार्यक्रममा उद्योगहरुबाट रु. ५०,००० भन्दा बढीको सहयोग प्राप्त हुनु निजी क्षेत्रको स्वामित्व र सहभागिताको महत्वपूर्ण उदाहरणका रूपमा रहेको थियो।

कार्यक्रमबाट प्राप्त सिकाइअनुसार कार्यक्रमपूर्व कम्तीमा दुई हप्ता अगाडि देखि व्यापक प्रचारप्रसार, समयतालिकाको पालना र प्रभावकारी ब्रान्डिङ तथा अभिलेखीकरण आवश्यक देखिएको छ। बजेटको सीमितता, समयतालिकामा हेरफेर, प्रचारप्रसारको लागि छोटो अवधि र धेरै सरोकारवालाबीच समन्वय कार्यक्रमका प्रमुख चुनौतीहरू थिए। आगामी प्रत्येक वर्षमा प्रादेशिक सीप च्याम्पियनसिप आयोजना गर्ने, निजी क्षेत्रको लगानी तथा प्रायोजन बढाउने, लैङ्गिक समावेशिता सुदृढ गर्ने, सञ्चार तथा सामाजिक सञ्जालमार्फत व्यापक प्रचारप्रसारमा जोर दिने र उद्योग, प्राविधिक शिक्षालय तथा सरकारी निकायबीच समन्वयलाई थप संस्थागत गर्ने आदि कार्यक्रमको सिकाईकोरुपमा रहेका छन्।

३. परियोजनाद्वारा सञ्चालित कार्यक्रमको अनुगमन

सामाजिक विकास मन्त्रालयः सामाजिक विकास मन्त्रालय तथा परियोजना सहयोग इकाई, हेल्भेटास नेपालको तर्फबाट संयुक्त रुपमा औद्योगीक प्रशिक्षण कार्यक्रम अन्तर्गत ३.५ महिनासम्म सञ्चालन हुने शिक्षालय/विद्यालयमा आधारित तालिमको तथा १९.५ महिनाको उद्योगमा आधारित सिकाईको अनुगमन हुने गरेको छ। यसै गरी औद्योगीक प्रशिक्षणको विषय सँग सम्बन्धित औद्योगीक संघ/संगठनहरुबाट पनि नियमित रुपमा शिक्षालय र उद्योगहरुमा आधारित तालिमको अनुगमन गरिएको छ।

स्थानीय तहः स्थानीय तहहरुमा सञ्चालित क्रियाकलापहरु कार्यगत अभ्यास सहितको तालिम (१० महिने-तह २), विद्यालयमा वृत्ति मार्गनिर्देशन सत्र, विद्यार्थीहरुलाई शिक्षाको संसारबाट कामको संसारमा स्थानान्तरण लगायतका क्रियाकलापहरु स्थानीय तहहरुका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, परियोजना सम्पर्क व्यक्ति, लेखा शाखा, योजना शाखा र परियोजना सहयोग इकाई हेल्भेटास नेपालका कर्मचारीहरुद्वारा नियमित रुपमा अनुगमन भएकोछ।



तानसेन नगरपालिकाका नगर उपप्रमुख र इन्स्योर परियोजना फोकल व्यक्तिद्वारा OJT तालिमको अनुगमन

स्विस सरकार विकास सहयोग नियोग (SDC): स्विस सरकार विकास सहयोग नियोगका पदाधिकारीहरुबाट यस आर्थिक वर्षमा दुई पटक परियोजना क्षेत्र भ्रमण गरि कार्यक्रमको प्रगतिको बारेमा अनुगमन गरेका थिए।

४. परियोजना सम्बन्धी विभिन्न समितिहरूको बैठक

परियोजना निर्देशक समिति (PSC) बैठकः लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री श्री जन्मजय तिमिल्सिनाज्युको अध्यक्षता तथा नेपालको लागि स्विजरल्याण्ड सरकारका राजदुत H.E. Danielle Meuwly को सह-अध्यक्षतामा मिति २०८३ वैशाख ३१ गतेका दिन QualiTY र NVQS परियोजना सहितको संयुक्तरुपमा परियोजना निर्देशक समिति (PSC) को बैठक सम्पन्न भएको थियो। यस बैठक द्वारा तीन वटै परियोजनाको वार्षिक प्रगति र इन्स्योर परियोजनाको आगामी आ.व.को कार्यक्रम तथा बजेटको बारेमा छलफल तथा निर्णय गरिएको थियो।

परियोजना कार्यान्वयन समिति (PIC) बैठकः सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेशका नि. प्रदेश सचिव श्री दिवाकर भण्डारी ज्यूको अध्यक्षतामा मिति २०८२ फाल्गुन २७ गते परियोजना कार्यान्वयन समिति (PIC) को बैठक सम्पन्न भएको थियो । उक्त बैठकमा मन्त्रालय मार्फत सञ्चालनमा रहेका

परियोजना क्रियाकलापहरुको प्रगति र बाँकी रहेका क्रियाकलापहरु समयमै सम्पन्न गर्ने बारेमा छलफल भएको थियो। यसै गरि विचैमा तालिम छोड्ने सहभागीहरुको सर्भेक्षणबाट प्राप्त डाटाको बारेमा छलफल गरि ड्रपआउट दर कम गर्न आवश्यक पहल गर्ने विषयमा पनि बैठकमा छलफल भएको थियो।

५. Swiss Agency for Development and Cooperation (SDC) को सहयोगमा सञ्चालित अन्य परियोजनासंग समन्वय तथा सहकार्य

स्विस विकास तथा सहयोग नियोग (Swiss Agency for Development and Cooperation-SDC) को सहयोगमा संचालित SaMi, NVQS र Quality परियोजनासंग सहकार्य गर्दै आइरहेको छ। यस अवधिमा SaMi परियोजना संग ४ पटक बैठक गरि योजना र प्रगतिको बारेमा छलफल गरियो। यसरी छलफलको क्रममा एकअर्कासंग संयुक्तरुपमा कार्यान्वयन गर्न सकिने क्रियाकलापहरुको पहिचान गरि योजना बनाउने र कार्यान्वयन गर्ने गरिएको छ। निम्न क्रियाकलापहरु एकअर्कासंगको समन्वय र सहकार्यमा कार्यान्वयन गर्न सकिने कुरा बैठक द्वारा पहिचान गरिएको थियो।

- Returnee Migrant हरूका लागि सीप तथा व्यवसायिक सीप तालिम
- वृत्ति मार्गनिर्देशन र मानोसामाजिक परामर्श सहयोग
- आप्रवासन स्रोत केन्द्र (MRC) र वृत्ति मार्गनिर्देशन सेवा केन्द्र (CGSC) बीचको सहकार्य

माथि उल्लेखित योजना अनुसार हाल सम्म Returnee Migrant हरूका लागि उद्यमशीलता सम्बन्धी ५ दिने तालिम कोहलपुर, गेरुवा, खजुरा, जानकी र सुनिल स्मृति पालिकामा सम्पन्न भएको छ। आप्रवासन स्रोत केन्द्र (MRC) का कर्मचारी र सामी परियोजना अन्तरगतका कर्मचारीहरुलाई वृत्ति मार्गनिर्देशन सेवा केन्द्र (CGSC) मा बोलाइ अभिमुखिकरण गरे पश्चात सहयोग लिनेदिने क्रम बढेको छ। हालसम्म CGSC बाट १० जना युवाहरुलाई मनोविमर्श सेवाको लागि सामीमा सिफारिस गरिएको छ भने सामीले वृत्ति मार्गनिर्देशन सेवाको लागि २४ जना युवाहरुलाई CGSC मा पठाएको छ। यसको अतिरिक्त सामी परियोजनाका काउन्सेलर र CGSC का काउन्सेलरले सामुहिकरुपमा १५१ जना युवाहरुलाई सेवा प्रदान गरेका छन्।

६. अन्तर सरकार समन्वय तथा सहकार्य :

- २४ महिने अप्रेन्टिसशिप कार्यक्रम सञ्चालनका लागि विषयगत तथा प्राविधिक विद्यालयहरू छनोट गरी भर्ना प्रक्रियाका लागि PCIU-F र प.नि.का.सँग समन्वय गरिएको छ। साथै उक्त तालिमको सूचना प्रसारणका लागि सामाजिक विकास मन्त्रालयले स्थानीय सरकारहरूसँग समन्वय गरेको छ।
- सामाजिक विकास मन्त्रालयअन्तर्गत रहेको वृत्ति मार्गनिर्देशन सेवा केन्द्रले विभिन्न पालिकाबाट प्राप्त अनुरोधका आधारमा पालिकाहरूमा गई शिक्षक तालिम सहजीकरण, युवाहरूलाई वृत्ति मार्गनिर्देशन सेवा तथा अभिभावकहरूलाई अभिभावकत्व सम्बन्धी अन्तरक्रिया कार्यक्रमको सहजीकरण गर्दै आएको छ।

- प्रदेश CTEVT बाट प्राविधिक शिक्षामा प्रशिक्षार्थी ड्रपआउट दर न्यूनिकरण गर्न सामाजिक विकास मन्त्रालय, शिक्षालय, उद्योग र पूर्व विद्यार्थी संजाल सँग छलफल तथा प्रशिक्षार्थी ड्रपआउट दर न्यूनिकरण गर्न रणनीति बनाउनको लागि कार्यक्रमको आयोजना गर्न नेतृत्वदायी भूमिका खेलेको छ।

७. निजी क्षेत्र (पेशागत संघ, महासंघ, उद्योगी तथा रोजगारदाताहरु) संग सहकार्यः

- सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश र रुपन्देही उद्योग संघ, बुटवल विच समझदारी पत्रमा हस्ताक्षर भई औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम र कार्यगत अभ्याससहितको तालिमका प्रशिक्षार्थीहरुलाई औद्योगिक प्रशिक्षणका लागी उद्योगहरुको छनोट गर्ने र पदस्थापन सहजीकरण तथा प्रोत्साहन रकम उपलब्ध गराउन पैरवी र महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।
- औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम संचालन गर्ने प्राविधिक शिक्षालय/विद्यालयहरुलाई भर्ना, छनोट प्रकृयामा र आवेदकहरुलाई उद्योगको तर्फबाट चाहिने सिफारिस पत्र प्रदानका लागी निरन्तर सहयोग रही आएको।
- त्यसैगरी, औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि बुटवल औद्योगिक क्षेत्र उद्योग संघ, नेपाल उद्योग परिसंघ लुम्बिनी प्रदेश, उद्योग व्यापार संगठन रुपन्देही, सिद्धार्थ उद्योग वाणिज्य संघ, नेपालगंज उद्योग बाणिज्य संघ, दाङ्ग जिल्ला उद्योग वाणिज्य संघ, तुलसीपुर उद्योग वाणिज्य संघ, कम्प्युटर एशोसिएसन बाँके, कम्प्युटर एशोसिएसन रुपन्देही, कम्प्युटर एशोसिएसन दाङ्ग, होटेल व्यवसायी संघ, रुपन्देही, निर्माण व्यवसायी संघहरुको सक्रिय संलग्नता रहेको थियो ।
- रोजगार क्षेत्रमा काम गर्ने ७ वटा निजी संस्थाका १६ जना सहभागीहरुलाई वृत्ति मार्गनिर्देशन सेवाको बारेमा अभिमुखिकरण गरे पश्चात त्यहाँ बाट पनि युवाहरुलाई वृत्ति मार्गनिर्देशन सेवाको लागि पठाउन थालिएको छ। हाल सम्म ७ जना युवाहरुलाई रोजगार क्षेत्रमा काम गर्ने संस्थाहरु सेवाको लागि सिफारिस गरेका छन्।

८. परियोजना सञ्चालन पश्चात देखिएका सकारात्मक पक्षहरूः

- औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रममा यस वर्षका लागि निर्धारण गरिएको कोटाको ९७.५ प्रतिशत अर्थात् २३४ जनालाई भर्ना गरी प्राविधिक तालिम कार्यक्रममा जोड्न सफल भएको छ।
- सामाजिक विकास मन्त्रालय तथा परियोजना सहयोग इकाईबाट गरिने नियमित अनुगमन र सहयोगका कारण शिक्षालयहरूको वित्तीय व्यवस्थापन क्षमतामा केही सुधार आएको देखिन्छ।
- नियमित रूपमा सेवा लिन आउने सेवाग्राहीहरूको तथ्याङ्कका आधारमा वृत्ति मार्गनिर्देशन सेवा केन्द्रप्रति सेवाग्राहीहरूको सन्तुष्टि क्रमशः बढ्दै गएको देखिन्छ।
- प्रदेश सरकार तथा स्थानीय तहहरुले TVET र वृत्ति मार्गनिर्देशन कार्यक्रमको लागि आन्तरिक स्रोतबाट बजेट छुट्याउने र कार्यान्वयन गर्ने गरेका छन्।

९. कार्यक्रम कार्यान्वयनका क्रममा भएको सिकाइहरुः

- हाल स्थानीय सरकारहरू (LGs) तथा तालिम प्रदायक संस्थाहरू (TPs) बीच गरिने सम्झौताहरू प्रायः अङ्ग्रेजी भाषामा तयार गरिन्छन्। यसका कारण प्रत्येक पक्षले कागजातलाई आफ्नै अनुकूल व्याख्या गर्ने प्रवृत्ति देखिएकाले भ्रम सिर्जना भएको छ। त्यसैले सबै पक्षले स्पष्ट रूपमा

बुझ्न सक्ने गरी सम्झौता कागजातहरू नेपाली भाषामै तयार गर्ने अभ्यास अपनाउनु उपयुक्त हुनेछ।

- संघीय सरकारले अप्रेन्टिसशिप कार्यक्रमको लागत संरचना लामो समयसम्म पुनरावलोकन नगर्दा कार्यक्रम सञ्चालनमा केही सानातिना कठिनाइहरू देखिन थालेका छन्। यस अवस्थालाई सहज बनाउन उक्त व्यवस्थालाई अध्यावधिक गर्न उपयुक्त हुने छ।
- SEE को नतिजा प्रकाशित भएको धेरै समयपछि मात्र CTEVT ले औद्योगिक प्रशिक्षार्थी कार्यक्रममा भर्ना खोल्ने भएकाले त्यतिबेला सम्म विद्यार्थीहरू अन्य लाइनमा भर्ना भइसकेका हुन्छन्। त्यसैले अन्य क्याम्पस वा उच्च माध्यमिक विद्यालयहरूले भर्ना खोल्ने समयमा नै यस बिषयमा पनि भर्ना खोल्दा युवा विद्यार्थीहरूलाई प्राविधिक शिक्षातिर आकर्षित गर्न सहज हुने देखिन्छ।

१०. समस्या तथा चुनौतीहरु

- भदौ २३ र २४ गते भएको जेंजी आन्दोलनका कारण तत्कालीन रूपमा झण्डै एक महिनासम्म कार्यसम्पादनमा अपेक्षित गति लिन सकिएन। साथै त्यसपश्चात केही पालिकाहरूको भौतिक संरचनामा भएको क्षतिका कारण पालिकाहरूले योजना गरेका सहलगानी व्यवस्थापनमा केही कठिनाइ भइरहेको छ।
- संघीय सरकारले अप्रेन्टिसशिप कार्यक्रमको लागत संरचना लामो समयसम्म पुनरावलोकन नगर्दा कार्यक्रम सञ्चालनमा केही सानातिना कठिनाइहरू देखिन थालेका छन्। उदाहरणका लागि, प्रशिक्षार्थीहरूको दुर्घटना बीमाका लागि निर्धारित बजेट पर्याप्त नभएको हुँदा विद्यालयहरूले यसलाई व्यवस्थापन गर्न कठिनाइ भोग्नु परेको छ।
- औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रमको अन्तिम परीक्षा पास गरेका सहभागीहरु मूल प्रमाण पत्रको आवश्यकता महशुस नगर्नु, उद्योगहरुमा रोजगारीको क्रममा प्रमाण पत्रको आवश्यकता नपर्नु, उद्योगीहरुले प्रमाणपत्र भन्दा सीपलाई प्राथमिकता दिनु, प्रमाण पत्र लिनको लागि झन्झटिलो प्रकिया हुनुले शिक्षालय र तालिमका सहभागीहरु पनि प्रमाण पत्र लिन चासो नराख्नु, थोरैले मात्र प्रमाण पत्र लिने गरेको जसले गर्दा CTEVT बाट गरिने online सर्भेक्षण गराउन चुनौती रहेको छ।
- प्रदेश सरकार र स्थानीय सरकारहरूले करियर मार्गदर्शन सेवा केन्द्र तथा इकाईहरूमा आवश्यक जनशक्ति व्यवस्थापन गर्न नसक्दा प्रभावकारी सेवा प्रवाहमा कठिनाइ भएको छ।

११. असल अभ्यासहरु

क) परियोजना सञ्चालनको क्रममा सामाजिक विकास मन्त्रालयबाट भएका असल अभ्यासहरुः

- शिक्षालयहरूको वित्तीय व्यवस्थापन क्षमतालाई अभिवृद्धि गर्दै पेस्की फछ्यौंट गर्दा पेश गरिने कागजातहरूमा स्तरीयता ल्याउनका लागि सामाजिक विकास मन्त्रालय र परियोजना सहयोग इकाईको लेखा शाखाबाट शिक्षालयहरूको नियमित रूपमा संयुक्त अनुगमन हुँदै आएको छ।
- औद्योगिक प्रशिक्षार्थी तालिममा प्रदेश भित्रका सबै क्षेत्रको युवाहरुको प्रतिनिधित्व गराउने उद्देश्यले प्रदेश भरिका सबै स्थानीय तहहरुलाई लिखित पत्राचार गरि स्थानीय तह मार्फत समुदाय स्तरमा सूचना सम्प्रेषण गर्ने गरिएको।

- मन्त्रालय अन्तर्गत संचालन हुने TVET संग सम्बन्धित परियोजनाहरुको संयुक्तरुपमा कार्यक्रमको प्रगति समिक्षा गर्ने गरिएको।

ख) परियोजना सञ्चालनको क्रममा स्थानीय तहहरुबाट भएका असल अभ्यासहरुः

- लुम्बिनी प्रदेशभित्रका तर परियोजना सञ्चालनमा नरहेका पालिकाहरूले पनि वृत्ति मार्गदर्शन कार्यक्रम सञ्चालनका लागि प्राविधिक सहयोगको अनुरोध गर्ने गरेका छन् र बाँकी कार्यक्रम आफ्नै स्रोतबाट सञ्चालन गर्दै आएका छन्।
- परियोजनाको सहयोगमा सञ्चालन गरिएको उद्यमशीलता चुनौती परियोजना सम्पन्न भएपछि केही विद्यालयहरूले विद्यालयमै उद्यमशीलता कोष स्थापना गरी उक्त अवधारणालाई निरन्तरता दिन पहल गरेका छन्।
- स्थानीय तहका प्रमुख/अध्यक्ष, उप-प्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, लेखा शाखा प्रमुख, शिक्षा शाखा प्रमुख तथा अन्य सम्बन्धित शाखाद्वारा परियोजना क्रियाकलापहरुको नियमित अनुगमन गर्ने गरिएको।
- अनुगमनको क्रममा देखिएको कमि कमजोरीलाई सुधार गर्न तत्कालै सम्बन्धित निकायलाई आवश्यक पृष्ठपोषण, सल्लाह तथा सुझाव प्रदान गर्ने गरिएको।

१२. नवीनतम् पहलहरु

- आ.व. २०८२/८३ मा औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रममा भर्नाका लागि आवेदन दिएका आवेदकहरू मध्ये २४८ जना आवेदकहरूसँग सर्वेक्षण गरिएको थियो। जसमा ३०% आवेदकहरू अन्य शैक्षिक कार्यक्रमहरूमा पनि संलग्न रहेको र ६% आवेदकहरू पहिले नै रोजगारीमा संलग्न रहेको बताएका थिए। यस सर्वेक्षणबाट प्राप्त सूचना अनुसार औद्योगिक प्रशिक्षार्थीहरुलाई परामर्श सत्र सञ्चालन गर्दा प्रशिक्षार्थीहरुको ड्रपआउट न्युनिकरण भएको छ।
- आ.व. २०८१/०८२ मा औद्योगिक प्रशिक्षार्थी तालिममा सहभागी भई बीचमै तालिम छोडेका प्रशिक्षार्थीहरूको तालिम छोड्नुको कारण पहिचान गरि भविष्यमा ड्रपआउट घटाउनका लागि उद्योगीहरु, शिक्षालय, प्रशिक्षार्थीहरु, आल्मुनाई नेटवर्कका प्रतिनिधिहरु, एसोशिएसनका प्रतिनिधीहरु, CTEVT लुम्बिनी प्रदेशका निर्देशक र सामाजिक विकास मन्त्रालयका प्रतिनिधीको उपस्थितिमा आवश्यक सुधारका रणनीतिहरु तयार गरि कार्यान्वन गरेको जसले गर्दा ड्रपआउट न्युनिकरणमा सहयोग पुगेको छ।
- श्रम बजारको मागअनुसार सीप पहिचान गरी तालिम सञ्चालन प्रक्रियालाई व्यवस्थित गर्नका लागि रुपन्देही उद्योग संघ वुटवलले हालसम्म सञ्चालन भएका क्षमता अभिवृद्धि क्रियाकलाप, औद्योगिक प्रशिक्षार्थी तालिम, कार्यगत अभ्याससहितको तालिम तथा सीप स्तरोन्नति तालिम प्राप्त युवाहरूको विवरण अद्यावधिक गर्न, सीपको माग पहिचान गर्न र सीपयुक्त युवाहरुलाई रोजगारमा आवद्ध गराउन वेबसाइट (https://www.rci.org.np/skill-development-unit) निर्माण गरेको छ। साथै, सदस्य उद्योगहरूले दक्ष जनशक्ति माग सम्बन्धी विज्ञापन, आवश्यक सीप तालिम विवरण, सीपयुक्त जनशक्तिको विवरण सहित अद्यावधिक गर्न सक्ने सुविधा पनि उपलब्ध गराएको छ।

- वृत्ति मार्गनिर्देशन सेवा केन्द्रलाई संस्थागतरुपमा विकास गर्नको लागि CGSC Stregthening Strategy तयार गरि कार्यान्वयन भैरहेको छ।

१३. दिगोपनाका आधारहरु

- स्थानीय तहहरुले वृत्ति मार्गनिर्देशन सेवा कार्यक्रमलाई विद्यालयको नियमित पाठ्यक्रममा राखेर सञ्चालन गरिरहेका छन्। हालसम्म ४ वटा स्थानीय तहहरु (ठाकुरबाबा नगरपालिका, तिलोत्तमा नगरपालिका, बर्दघाट नगरपालिका र मायादेवी गाउँपालिका) ले स्थानीय पाठ्यक्रममा राखी सकेका छन् भने अन्य स्थानीय तहमा यो प्रक्रिया अगाडि बढेको छ।
- ९ वटा स्थानीय तहहरुले सीप विकास तालिम संचालन कार्यविधी र ६ वटा स्थानीय तहहरुले वृत्ति मार्गनिर्देशन सेवा संचालन सम्बन्धी कार्यविधि कार्यपालिकाबाट अनुमोदन गरी राजपत्रमा प्रकाशन गरी सकेका छन्। यसले स्थानीय तहहरुलाई उक्त कार्यकम सञ्चालन गर्न कानूनी रुपमा जवाफदेही बनाएको छ।
- प्रदेश सरकारले वृत्ति मार्गनिर्देशन सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि छुट्टै कार्यविधि स्वीकृत गरी कार्यालय स्थापना गरेको छ। सेवाग्राहीको बढ्दो संख्या, परियोजना क्षेत्रबाहिरबाट समेत सेवाका लागि माग, अन्य प्रदेशबाट अवलोकन भ्रमण, मन्त्रालयको वेबसाइटमा छुट्टै पोर्टल तथा प्रचार-प्रसार र नियमित बजेट विनियोजनले सेवा केन्द्रको दिगो तथा नियमित सञ्चालनको आधार सिर्जना गरेको छ।
- रुपन्देही उद्योग संघले आफ्नो विधानमा अप्रेंटिशीप सम्बन्धी प्रावधान राखि संसोधन गरेको, २ वटा उद्योगहरुले आफ्नो HR Strategy मा अप्रेंटिस भर्ना सम्बन्धी प्रावधान राखी कार्यान्वयनमा सुरुवात गरेको ८ वटा उद्योगहरूले म्यानुअल हस्ताक्षर गरि कार्यान्वयनमा ल्याएको र ४ वटा उद्योगहरूले कार्वन उत्सर्जन न्यूनीकरण योजना तयार गरि अनुमोदन गरेका छन्।
- वृत्ति मार्गनिर्देशन सेवा र TVET सम्बन्धी गतिविधीका लागि स्थानीय र प्रदेश सरकारले नियमितरुपमा बजेट विनियोजन गर्दै आइरेहेका छन्। परियोजनाको चार वर्षको अवधीमा स्थानीय सरकारहरुले जम्मा रु. दुई करोड ६ लाख १२ हजार र प्रदेश सरकारले रु. एक करोड छ लाख गरि जम्मा रु. तीन करोड १२ लाख १२ हजार बजेट वृत्ति मार्गनिर्देशन सेवा र TVET सम्बन्धी गतिविधिका लागि विनियोजन गरेका छन्। साथै पहिलो बर्ष (आ.व.२०७९/०८० मा रु. ५,१००,०००) भन्दा चौथो वर्ष (आ.व.२०८२/०८३ मा रु. ११,६८०,०००) मा बजेट विनियोजन उल्लेख्यरुपमा वृद्धि भएको देखिन्छ।
- रुपन्देही उद्योग संघ बुटवलले उद्योगलाई आवश्यक पर्ने सीपयुक्त जनशक्ति सजिलै उपलब्ध गराउन संघमा सीप विकास इकइ स्थापना गरि सदस्य उद्योगहरु र प्राविधिक शिक्षालयहरू बीच समन्वय र सम्बन्ध स्थापना गर्न नियमितरुपमा मध्यस्थता गरिरहेको छ । यसका साथै आफ्नो वेवसाइटमा छुटै रोजगार पोर्टलको प्रवन्ध गरी सदस्य उद्योगहरुका रोजगारीहरुलाई तालिम प्राप्त जनशक्तिहरुसंग जोड्ने काम गरिरहेको छ ।

१४. निष्कर्ष

दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSSURE II) अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ सम्म लुम्बिनी प्रदेशमा सञ्चालन गरिएका गतिविधिहरूले प्राविधिक तथा व्यावसायिक शिक्षा (TVET) प्रणालीलाई श्रम बजारसँग जोड्न, युवाहरूको सीप तथा रोजगारी अभिवृद्धि गर्न र प्रदेश तथा स्थानीय सरकारको संस्थागत क्षमता विकास गर्न उल्लेखनीय योगदान पुर्याएको छ। परियोजनामार्फत औद्योगिक प्रशिक्षार्थी तालिम, कार्यगत अभ्याससहितको पेसागत तालिम, सीप स्तरोन्नति तालिम, वृत्ति मार्गनिर्देशन सेवा, उद्यमशीलता विकास तथा उद्योग-शिक्षालय सहकार्यजस्ता कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन भएका छन्।

परियोजनाले हालसम्म युवाहरूलाई सीप विकास, रोजगारी तथा वृत्ति मार्गनिर्देशन सेवामा पहुँच पुर्याएको छ। औद्योगिक प्रशिक्षार्थी तथा कार्यगत अभ्याससहितको तालिममा सहभागीहरूको रोजगारी, सीप परीक्षणको नतिजा तथा आम्दानीमा सकारात्मक सुधार देखिएको छ। यद्यपि, तालिमपछि लक्षित रोजगारी दर हासिल गर्न तथा तालिम बीचमै तालिम छोड्ने (ड्रपआउट) दरलाई अझ न्युनिकरण गर्न निरन्तर सुधार, प्रभावकारी परामर्श, उद्योग-शिक्षालय समन्वय तथा श्रम बजार अनुकूल कार्यक्रम सञ्चालन आवश्यक रहेको देखिन्छ।

यस अवधिमा वृत्ति मार्गनिर्देशन सेवा केन्द्र तथा स्थानीय तहमा स्थापना भएका वृत्ति मार्गनिर्देशन सेवा इकाइहरूले विद्यार्थी, युवा र अभिभावकहरूमा वृत्ति सम्बन्धी सचेतना वृद्धि गर्दै सही वृत्ति छनोटमा सहयोग पुर्याएका छन्। साथै, स्थानीय तथा प्रदेश सरकारले आफ्नै स्रोतबाट बजेट विनियोजन, कार्यविधि निर्माण, मानव स्रोत व्यवस्थापन तथा कार्यक्रम संस्थागत गर्न थालेकाले परियोजनाको दिगोपनाको आधार थप सुदृढ भएको छ। निजी क्षेत्र, उद्योग संघ, प्राविधिक शिक्षालय तथा स्थानीय सरकारबीचको सहकार्यले श्रम बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन र रोजगारीमा पदस्थापनलाई अझ प्रभावकारी बनाएको छ।

परियोजनाको कार्यान्वयनका क्रममा प्राप्त सिकाइ, असल अभ्यास तथा नवीन पहलहरूले भविष्यमा TVET कार्यक्रमलाई अझ प्रभावकारी, समावेशी र परिणाममुखी बनाउन मार्गदर्शन प्रदान गरेका छन्। तथापि, लागत संरचनाको समयानुकूल पुनरावलोकन, प्रशिक्षार्थीहरूको प्रमाणपत्र व्यवस्थापन, करियर मार्गनिर्देशन सेवाका लागि पर्याप्त जनशक्ति व्यवस्था तथा कार्यक्रमको थप संस्थागत सुदृढीकरणमा सम्बन्धित निकायहरूको निरन्तर प्रतिबद्धता आवश्यक देखिन्छ।

समग्रमा इन्स्योर परियोजनाले लुम्बिनी प्रदेशमा सीप विकास, रोजगारी प्रवर्द्धन, उद्योग-शिक्षालय सहकार्य तथा वृत्ति मार्गनिर्देशन प्रणालीलाई संस्थागत गर्न महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। प्रदेश तथा स्थानीय सरकार, निजी क्षेत्र, शिक्षालय र विकास साझेदारबीचको सहकार्यलाई निरन्तरता दिँदै श्रम बजारको मागअनुकूल गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रणालीको विकास गर्न सकेमा परियोजनाका उपलब्धिहरू दीर्घकालीन रूपमा दिगो र प्रभावकारी हुने विश्वास गर्न सकिन्छ।

१५. अनुसूचीहरु

क) आ.व. २०८२/०८३ को परियोजनाको वार्षिक बजेट तथा वित्तीय प्रगति (सामाजिक विकास मन्त्रालय र स्थानीय तह तर्फ)

क्र.सं.	कार्यान्वयन गर्ने निकाय	जम्मा विनियोजित बजेट	वित्तीय प्रगति	प्रगति प्रतिशत
१	सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, दाङ्ग	५७,८००,०००	४०,४३८,५५३	७०%
२	बुटवल उ.म.न.पा., रुपन्देही	८,५००,०००	६,७४०,०८६	७९%
३	तिलोत्तमा न.पा., रूपन्देही	६,१००,०००	५,२३९,७४०	८६%
४	मायादेवी गा.पा., रूपन्देही	३,६००,०००	२,६५९,३५८	७४%
५	ओमसतिया गा.पा., रूपन्देही	३,२००,०००	२,५६०,०००	८०%
६	बर्दघाट न.पा., नवलपरासी	६,८००,०००	५,२३९,७४०	७७%
७	शिवराज न.पा., कपिलवस्तु	३,७००,०००	२,७७३,५८१	७५%
८	तानसेन न.पा., पाल्पा	८,२००,०००	५,९२८,७१३	७२%
९	घोराही उ.म.न.पा., दाङ्ग	७,०००,०००	३,२११,६००	४६%
१०	थवाङ्ग गा.पा., रोल्पा	२,७००,०००	१,८७२,१८४	६९%
११	कोहलपुर न.पा., बाँके	४,९००,०००	३,२४०,६७१	६६%
१२	ठाकुरबाबा न.पा., बर्दिया	६,९००,०००	५,०६१,६२४	७३%
	११ स्थानीय तहको जम्मा	**६१,६००,०००**	**४४,५२७,२९७**	**७२%**
	११ स्थानीय तह र सामाजिक विकास मन्त्रालयको जम्मा	**११९,४००,०००**	**८४,९६५,८५०**	**७१%**

ख) आ.व. २०८२/०८३ मा सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरुको आन्तरीक स्रोतबाट विनियोजित बजेट तथा खर्चको विवरण

क्र.सं.	कार्यालय/निकायको नाम	जम्मा विनियोजित बजेट	कूल खर्च	प्रगति प्रतिशत
१	सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, दाङ्ग	३,०००,०००	१,६२१,९३८	५४%
२	बुटवल उ.म.न.पा., रुपन्देही	१८०००००	३७५,०००	२१%
३	तिलोत्तमा न.पा., रूपन्देही	३००,०००	-	०%
४	मायादेवी गा.पा., रूपन्देही	४०००००	२७६,४९०	६९%
५	ओमसतिया गा.पा., रूपन्देही	७५,०००	७२,८५०	९७%
६	बर्दघाट न.पा., नवलपरासी	१६०००००	१,१६२,०००	७३%
७	शिवराज न.पा., कपिलवस्तु	२५०,०००	६१८,०००	२४७%
८	तानसेन न.पा., पाल्पा	२,०००,०००	६६५,४७०	३३%
९	घोराही उ.म.न.पा., दाङ्ग	२००,०००	१७४,५००	८७%
१०	थवाङ्ग गा.पा., रोल्पा	३०००००	३६१,९६५	१२१%
११	कोहलपुर न.पा., बाँके	७००,०००	१००,०००	१४%
१२	ठाकुरबाबा न.पा., बर्दिया	१,५००,०००	४००,०००	२७%
१३	मधुवन न.पा., बर्दिया	५००,०००	१००,०००	२०%
१४	बढैयाताल गा.पा. बर्दिया	३००,०००	१३२,०००	४४%
१५	सरुमारानी गा.पा. प्युठान	३००,०००	१०५,०००	३५%
१६	गेरुवा गा.पा. बर्दिया	०	९९,९५०	
१७	खजुरा गा.पा. बाँके	०	१००,४००	
१८	जानकी गा.पा. बाँके	०	१००,०००	
१९	सुनिल स्मृति गा.पा. रोल्पा	०	१११,७००	
२०	नेपालगन्ज उ.म.न.पा., बाँके	०	११५,०००	
२१	बैजनाथ गा.पा. बाँके	०	१६०,०००	
२२	राजपुर गा.पा. दाङ्ग	०	१५०,०००	
	जम्मा	**१३,२२५,०००**	**७,००२,२६३**	

प्रकाश वि.क. को उद्यमशीलताको यात्रा संघर्ष, लगनशीलता र आत्मनिर्भरता

ग) सफलताका कथाहरु



२८ वर्षीय प्रकाश वि.क. कोहलपुर-१४, हल्दारपुरका बासिन्दा हुन्। उनले २०७० सालमा एस.एल.सी. र २०७२ सालमा प्लस टु दिएका थिए, तर १२ कक्षामा एक विषयमा अनुत्तीर्ण भएपछि थप अध्ययनलाई निरन्तरता दिन सकेनन्। उनको परिवारमा आमा, बुवा, दाजु, भाउजु, भतिज, श्रीमती र एक छोरा गरि जम्मा ७ जना सदस्य छन्।

उनि बाल्यकाल हुदै उनका बुबाले होटल व्यावसाय सञ्चालन गरेका थिए, उनले वुवालाई व्यावसायमा सघाउँदै गर्दा उनलाई यही क्षेत्रमा लागि केहि गर्नु पर्छ भन्ने लाग्यो । यतिकैमा नजिकैको एक जना छिमेकी मार्फत नगरपालिकामा पेशागत कुक तालिमको बारे जानकारी पाए। यो जानकारी पाए पछि उनि निकै खुशी र उत्साहित पनि भए। उनि भोलिपल्टनै नगरपालिकामा गएर आवेदन दिइहाले। त्यसपछि विभिन्न चरणहरू पार गर्दै उनि १० महिने पेशागत कुकको तालिममा छनौट हुन् सफल भए।



तालिममा उनले धेरै किसिमको थप परिकारहरू बनाउने तरिका बारे सिक्ने मौका पाए जस्तैः चाइनिज, इन्डियन, कन्टिनेन्टलका साथै व्यवहारिक ज्ञानलाई पनि थप निखार्ने मौका पाए। उनले यो तालिम निकैनै उच्च स्तरको पाए साथै सीप सँगसँगै अनुभव, प्रमाणपत्र पनि पाईने हुनाले रोजगारीको लागि पनि एकदमै सहज हुने बताए। उनको आफ्नै होटल भएको हुनाले उनले ३ महिने कार्यगत अभ्यास (OJT) आफ्नै होटेलमा गरे। तालिम समापन पछि उनले विभिन्न परिकार बनाउन, ग्राहक सेवा सुधार गर्न, र व्यवसाय सञ्चालनका नयाँ प्रविधिहरू अपनाउन सिके।

प्रकाशले सुरुमा मासिक २०-३० हजार कमाइ हुने होटलबाट अहिले ४०-५० हजार आम्दानी गर्दै छन्। दैनिक १,००० रुपैयाँ सहकारीमा बचत गर्छन्। उनले घर खर्च चलाउनमा समेत ठुलो सहयोग गरेका छन्। उनका दाई र भाउजुले आवश्यक परेका बेला होटल सञ्चालनमा उनलाई साथ दिन्छन्, जसले व्यवसाय अझ प्रभावकारी भएको छ। भविष्यमा प्रकाशले दाइको लागि समेत छुट्टै होटेल व्यावसाय सञ्चालन गर्ने योजना बनाएका छन्। प्रकाशको यो यात्रा एक उदाहरण हो कि, "सही तालिम, लगनशीलता, र निरन्तर प्रयासले सफलता सम्भव छ"। उनी आज आत्मनिर्भर मात्र होइनन्, आफ्नै समुदायमा रोजगार सिर्जना गर्ने उद्यमी पनि बनेका छन्।

संघर्षबाट दक्ष कामदारसम्मको यात्रा



संजय हरिजन, २२ वर्ष, मायादेवी -२, रुपन्देहीमा ८ सदस्यीय परिवारसँग बस्छन्। परिवारको मुख्य आयस्रोत उनका बुवाको करिब २५ वर्षदेखि गर्दै आएको सिलाइ-कटाइ व्यवसाय र थोरै जमिनमा गरिने खेतीपाती हो। परिवारका जेठा सन्तान संजयले २०७६ सालमा SEE उत्तीर्ण गरे। सानैदेखि घर तथा भवन निर्माणमा रुचि भए पनि आर्थिक अवस्थाका कारण सिभिल इन्जिनियरिङ पढ्न नसकेपछि उनी साधारण शिक्षातर्फ लागे। कक्षा १२ मा तीन विषयमा अनुत्तीर्ण भएपछि उनको भविष्य अन्योलमा परेको थियो।

त्यसै क्रममा साथीमार्फत आफ्नै गाउँको श्री पब्लिक माध्यमिक विद्यालयमा सञ्चालित २४ महिने औद्योगिक प्रशिक्षार्थी तालिम (प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ) बारे जानकारी पाए। निःशुल्क प्राविधिक शिक्षा, व्यावहारिक सीप, अनुभव र तालिमपछि रोजगारीको अवसरबारे जानकारी पाएपछि उनी तालिममा सहभागी भए। आमाबुवा पनि छोरा निःशुल्क रूपमा प्राविधिक शिक्षा हासिल गर्ने भएपछि उत्साहित भए।

तालिमको पहिलो ३.५ महिनामा उनले सिभिल इन्जिनियरिङ सम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान हासिल गरे। त्यसपछि बोधी होम्स, भैरहवा र आफ्नै शिक्षालयमा औद्योगिक प्रशिक्षण लिए। प्रशिक्षणका क्रममा विभिन्न चुनौती र असहज परिस्थितिका बाबजुद उनले तालिम सफलतापूर्वक पूरा गरे। यस अवधिमा उनले घरको ले-आउट, बाल जडान, प्लास्टर, ढलान, डण्डी बुन्ने, मसला तथा कंक्रिट तयार गर्ने, सटरिङलगायत भवन निर्माणसम्बन्धी आवश्यक सीप हासिल गरे।

आफ्नो खर्च व्यवस्थापनका लागि उनले प्रशिक्षणकै क्रममा बिदा तथा शनिबार गाउँमै एक स्थानीय ठेकेदारसँग काम गर्थे। तालिम पूरा गरेको एक सातामै त्यही ठेकेदारबाट रोजगारीको अवसर पाए। हाल उनी दैनिक रु.७०० ज्यालामा, मासिक करिब रु.२१,००० आम्दानी गर्दै दक्ष मिस्त्रीका रूपमा काम गरिरहेका छन्। आफ्नो आम्दानीबाट बुवाले घर निर्माणका लागि लिएको ऋणको किस्ता तिर्न, बहिनीको पढाइमा सहयोग गर्न, खेतीका लागि मलखाद खरिद गर्न तथा केही रकम बचत गर्दै आएका छन्।

हाल दक्ष मिस्त्रीका रूपमा काम गरिरहेका संजय भविष्यमा आफूजस्तै केही कामदारलाई साथमा लिएर आफ्नै पेशालाई विस्तार गर्ने योजनामा छन्। उनी भन्छन्, ***"काम ठूलो-सानो हुँदैन। हामीजस्ता युवाहरुले यस्ता कार्यक्रममार्फत सीप सिकेर रोजगारीमा जोडिन सके आफ्नो जीविकोपार्जन गर्न सहज हुन्छ।"***

संजयको यात्रा सही अवसर, सीप र मेहनतले चुनौतीपूर्ण अवस्थाबाट पनि आत्मनिर्भर र सम्मानित रोजगारीतर्फ अघि बढ्न सकिन्छ भन्ने प्रेरणादायी उदाहरण हो।

घ) कार्यक्रम सँग सम्बन्धित केहि फोटोहरु



अप्रेंटिसहरुको कार्यस्थलमा आधारित सिकाईको अनुगमनको क्रममा होटेल विश्रामवाटिका मणिग्राम रुपन्देहीमा अप्रेंटिसहरुसँग छलफल गर्दै प्रदेश सचिव सुशीला अर्यालज्यू र उपसचिव हरिकला सारु मगरज्यू



वृत्ति मार्गनिर्देशन सेवा केन्द्र भैरहवामा अभिभावक सहित युवालाई काउन्सेलिङ् गर्दै काउन्सेलर सुशिला पौडेल



विद्यालयमा स्थापना गरिएको वृत्ति ल्यावमा विद्यार्थीहरुलाई अवलोकन तथा विभिन्न पेशाको कामसँग परिचित गराउँदै श्री नवरत्न मा. वि. बुटवल १५ तामनगरका वृत्ति मार्गनिर्देशन शिक्षक भक्तिराम गौरे



उद्योग, शिक्षालय र औद्योगिक प्रशिक्षार्थी तालिमका सहभागी बीच सिकाई आदान प्रदान कार्यशाला गोष्ठीमा समूह कार्य गर्दै औद्योगिक प्रशिक्षार्थी तालिमका सहभागीहरु



अप्रेंटिशीप प्रि-डिप्लोमा तह अन्तर्गत श्री पब्लिक नमूना मा.वि. छपिया, सियारीका पूर्व बालविकास सहजकर्ताको तालिमको सहभागी केशरी के.सी. कार्यगत सिकाईको क्रममा बालबालिकाहरुलाई सिकाउदै



अप्रेंटिशीप प्रि-डिप्लोमा तह अन्तर्गत श्री महाकवि देवकोटा मा.वि. सुनवलका अटो मोबाईल तालिमको सहभागी रोहित सार्की HYUNDAI कालिकानगर बुटवलमा कार्यगत सिकाई गर्दै



लुम्बिनी प्रदेश स्तरीय सीप प्रतिस्पर्धाका प्रतिस्पर्धी औद्योगिक प्रशिक्षार्थीहरु



लुम्बिनी प्रदेश स्तरीय सीप प्रतिस्पर्धाका प्रतिस्पर्धी औद्योगिक प्रशिक्षार्थीहरु

थप जानकारी, सल्लाह र सुझावको लागि सम्पर्क

दिगो तथा सम्मानित रोजगारीको लागि सीप परियोजना

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
फोन नं.: ०८२-५९०४६१/५९०४६२

परियोजना सहयोग इकाई, दाङ
लुम्बिनी प्रदेश कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
फोन नं.: ०८२-५९०५०५/५९०५०६

परियोजना सहयोग इकाई, भक्तपुर
फोन नम्बर: ०१-६६३६१९१/६६३४४४३
टोल फ्री नम्बर : १६६००१००२२२
वेब: www.essure.org.np

ENSSURE
Enhanced Skills for Sustainable and Rewarding Employment

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी